जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com


छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २५ •अंक १८३ • २०७९ साल मंसिर १२ गते सोमबार (28 November, Monday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशमा एमाले प्रतिनिधि र प्रदेशमा ठूलो दल

### नेका दोस्रो, जसपा तेस्रो, लोसपा चौथो, जनमत पाँचौ स्थानमा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा निषेध गरिएको एमाले आम निर्वाचनमा प्रतिनिधि र प्रदेश दुबै तर्फ सबै भन्दा ठूला दल बनेको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको नतिजामा मधेश प्रदेशको ३२ प्रतिनिधि सभा सदस्य मध्ये नेकपा एमालेले ८ स्थानमा विजय हासिल गरेको छ ।एक स्थान(धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४)मा अग्रता लिएको छ ।

२०७३ सालको फागुन २३ मा एमालेलाई मधेश प्रदेशमा रोक लगाउँदा मलेठ घटना भएको थियो ।सो घटनामा ५ जनाको ज्यान गएको थियो ।२०७४ सालको आम निर्वाचनमा मधेश प्रदेशबाट लीलानाथ श्रेष्ठ र रघुवीर महासेठ मात्र निर्वाचित भएका थिए । मधेश विरोधी दलको रुपमा प्रचारित कांग्रेसलेपनि प्रतिनिधि सभा सदस्य तर्फ प्रत्यक्षमा ७ स्थानमा जित हात पारेको छ ।सो संख्या सहित कांग्रेस दोस्रो स्थानमा रहेको छ ।

पहिचान सहित प्रदेशको नामकरण र संघीयताका लागि लामो आन्दोलन गरेका जनता समाजवादी पार्टी(जसपा) तेस्रो नम्बरमा खुम्चेको छ ।जसपाले मधेश प्रदेशमा प्रतिनिधि सभा तर्फ ६ सिट मात्र जित्न सकेको छ ।

जसपाका अध्यक्ष उपेन्द्र यादव सप्तरी जिल्लाको क्षेत्र नम्बर २ बाट चुनावमा पराजित भएका छन् ।उनलाई जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले पराजित गरेका हुन् ।

मधेश आन्दोलनमा रहेका अर्को दल लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) चौथो स्थानमा सीमित भएको छ । प्रतिनिधिसभातर्फ लोसपाका अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता शरतसिंह भण्डारी सहित ३ जनाले जितेका छन् ।

नेकपा एसबाट अध्यक्ष माधवकुमार नेपाल सहित प्रतिनिधिसभामा मधेश प्रदेशबाट २ जना पुगेका छन् ।जनमत पार्टीका अध्यक्ष राउत मात्र एकजना चुनिएका छन् ।प्रभु साह , डा.अमरेश सिंह र किरण कुमार साह सहित ३ जना प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका छन् ।

मधेश प्रदेशको प्रदेश सभामा पनि प्रत्यक्षतर्फ एमाले नै ठूलो दल बनेको छ ।घोषित परिणाम अनुसार एमालेले प्रदेश सभाको १४ स्थानमा जित हासिल गरिसकेको छ ।धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ को ख मा जारी मतगणनामा एमालेका उम्मेदवार हरिनारायण महतोले अग्रता लिएका छन् ।

नेपाली कांग्रेसले प्रदेश सभामा प्रत्यक्षतर्फ १३ स्थानमा जितेको छ ।जसपाले ९ स्थान र लोसपाले ७ स्थानमा जित हासिल गरेका छन् ।जनमत पार्टीको ६ माओवादी केन्द्रको ४, नेकपा एकीकृत समाजवादी(एस)को ४ र स्वतन्त्रले ६ स्थान जितेका छन् ।

समानुपातिकतर्फको मत गणना अनुसार प्रदेश सभामा नेपाली कांग्रेस ठूलो दल बन्ने संभावना बलियो छ ।

२०७४ सालको आमचुनावमा तत्कालीन प्रदेश-२ मा सबै भन्दा ठूलो दल जसपा र दोस्रो दल लोसपा रहेको थियो ।पहिचान सहितको मधेश प्रदेश भएपछि तेस्रो र चौथो स्थानमा झरेको छ ।मधेश प्रदेशमा जसपाको नेतृत्वमा रहेको सरकार पूर्ण कार्यकाल पूरा गरेको छ ।

### आज विवाहपञ्चमी महोत्सव


## खचाखच भरिए जनकपुरधाम

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाहपञ्चमी आज हर्षोल्लासपूर्वक मनाइँदै छ।

त्रेतायुगमा भगवान सीतारामको विवाह भएको स्मरणमा मिथिलावासीले यहाँ हरेक वर्ष विवाहका पञ्चमीका दिन प्रतीकात्मक सीतारामको विवाह महोत्सव मनाउँदै आएका छन् ।

एक साता अघिदेखि नै बैवाहिक विधिहरू सुरू भए पनि आज हुने वैवाहिक समारोहमा सहभागी हुन श्रद्धालुहरु खचाखच भरिएका छन् ।



त्रेतायुगमा मिथिला नरेश जनकले छोरी सीताको स्वयंबरका लागि राखेका शिव धनुषलाई अयोध्याका राजा दशरथका जेठा सुपुत्र रामले तीन टुक्रा पारेपछि मङ्सिर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको थियो ।

गोस्वामी तुलसी दासको रामायण अनुसार जनकपुरधामको बारहविघा मैदानमा आयोजना गरिएको सो स्वयंबरमा देवी देवताको उपस्थिति रहेको थियो । सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्य रूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुन्छन् ।

महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृति अनुसार तिलकोत्सव,मटकोर , स्वयम्बर र विवाह संस्कार सम्पन्न हुने गरेको छ । पौराणिक व्यवस्था अनुरूप राममन्दिरबाट बाजागाजा , झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेष रूपमा निर्मित डोला सिंहासनमा राखी बारहविघा मैदान पुऱ्याइन्छ ।

त्यस्तै जानकी मन्दिरबाट सीताको प्रतिमालाई विशेष सुसज्जित डोलामा राखी बारहविघा मैदानमा लगिने चलन रहेको छ । बारहविघामा स्वयम्बर विधि, परीक्षण र वैवाहिक विधि सम्पन्न भएपछि सीतारामलाई जानकी मन्दिरमा ल्याई मिथिला संस्कृति अनुसार विवाह सम्पन्न गरिन्छ ।

फूलवारी प्रसङ्गदेखि स्वयंवरसम्मको आयोजनाले महोत्सव दैवी विवाह महोत्सवका रूपमा रूपान्तरित भएको अनुभव गर्दै सहभागी मिथिलाका नारी तथा पुरूष आफूलाई धन्य सम्झन्छन् ।


महोत्सवका दिन श्रद्धालु विहान सबैरेदेखि पवित्र सरोवरहरूमा स्नान गरी पूजाअर्चना र भाकल गर्ने गर्छन् । यस अवसरमा भजन,कीर्तन,रामलीला,झाँकी र प्रवचनको पनि आयोजना गर्ने चलन रहेको छ ।

त्रेता युगमा जनकपुरधाममा राजा जनकद्वारा धनुष उठाउनेसँग पुत्री सीताको विवाह प्रस्ताव गर्नु , अयोध्याका राजकुमार मर्यादा पुरूषोत्तम रामका गुरू विश्वामित्रसँग जनकपुरधाम आउनु र माता सीतासँगको विवाहको सेरोफेरोमा केन्द्रित रहेर यहाँ विवाह महोत्सव मनाइने गरिएको छ । सोही विवाह प्रसंगलाई विभिन्न पक्षद्वारा सजीव र मूर्तरूपमा प्रस्तुत गर्नु महोत्सवको विशेषता मानिएको छ ।


भगवान रामको चरित्र लौकिक र अलौकिकरूपमा लोकमानसमा अंकित छ । अलौकिकरूपमा रामलाई निर्गुण ब्रम्ह एवम् सगुण विष्णु मानिएको छ भने सीतालाई शक्तिस्वरूपा ,बुद्धिरूपा, ब्रम्हमयी र योगमायाको संज्ञा दिइएको छ ।

सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्य रूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासकासाथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुने गरेका छन।



# मधेशबाट माओवादीको निर्वाचन चिह्न जोगाउने राय




जनकपुरधाम । मधेश प्रदेशबाट प्रतिनिधिसभा सदस्यमा नेकपा (माओवादी केन्द्र)को निर्वाचन चिह्न जोगाउने महेन्द्र राय यादव एक्लो सांसद हुनुभएको छ।

माओवादी केन्द्रले मधेस प्रदेशका चार क्षेत्रमा उम्मेदवारी दिएकामा सबै क्षेत्रको परिणाम आउँदा उहाँमात्रै निर्वाचित हुनुभएको छ। सर्लाही दुईबाट सत्ता गठबन्धनकै सहयात्री दल लोकतान्त्रिक समाजवादीका वरिष्ठ नेता राजेन्द्र महतोलाई पराजित गर्दै राय निर्वाचित हुनुभएको हो । रायले २३ हजार पाँच सय २९ मत पाउँदा महतोले २१ हजार पाँच सय १८ मत प्राप्त गर्नुभयो । मधेस प्रदेशमा माओवादीले धनुषा-१, महोत्तरी-१, सिरहा-३ र सर्लाही-२ मा उम्मेदवारी दिएको थियो । धनुषा-१ मा पार्टीका उपमहासचिव मातृका यादव जनता समाजवादी पार्टीका दीपक कार्कीसँग पराजित हुनुभएको छ। महोत्तरी-१ मा उपमहासचिव गिरिराजमणि पोखरेल नेकपा (एमाले) नेता लक्ष्मी महतो कोइरीसँग र सिरहा-३ मा विश्वनाथ साह एमाले नेता लीलानाथ श्रेष्ठसँग पराजित हुनुभयो।

विसं २०७४ मा राष्ट्रिय जनता पार्टीबाट सोही क्षेत्रबाट निर्वाचित राय अहिले पनि माओवादी होइनन् । उहाँ डा बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीको अध्यक्ष हुनुहुन्छ। पार्टी फरक भए पनि उहाँ यसपटक गठबन्धनका कारण माओवादी केन्द्रको चुनाव चिह्न हसियाँ हथौडा लिएर चुनावमा होमिनु भएको थियो।

**को हुन राय ?**

राय नेपाली राजनीतिको परिचित नाम हो। विसं २०६२/६३ अघिसम्म एमालेबाट राजनीति गर्नुभएका राय सो पार्टीको केन्द्रीय सदस्यसमेत बन्नुभयो । सोही पार्टीबाट २०५१ को मध्यावधि निर्वाचन र २०५६ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनेर सर्लाहीबाट निर्वाचित हुनुभयो।

तर २०६२/६३ को आन्दोलनपछि एमाले परित्याग गरी तराई-मधेस लोकतान्त्रिक पार्टी स्थापना गरेर त्यसको महासचिव बन्नुभयो । राजनीतिक घटनाक्रमले मधेसवादी दल जुट्न र फुट्न थालेपछि उहाँ तमलोपा परित्याग गरी तराई मधेस सद्भावना पार्टी हुँदै राष्ट्रिय जनता पार्टीको अध्यक्षमण्डलको सदस्यसमेत हुनुभयो। पछि राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी फोरम एकीकरण गरी बनेको जनता समाजवादी पार्टी हुँदै अहिले नेपाल समाजवादी पार्टीको आवद्ध हुनुहुन्छ।

राय २०६४ र २०७० को संविधानसभा सदस्य निर्वाचनमा पनि सर्लाही-४ बाट विजयी हुनुभएको थियो । संविधान निर्माणपछिको पहिलो आमनिर्वाचन २०७४ मा पनि उहाँ सर्लाही-२ बाट निर्वाचित हुनुभयो। उहाँ २०५४ मा राज्यमन्त्री, २०६४ मा सिँचाइमन्त्री, २०६७ मा उद्योगमन्त्री र २०७४ को निर्वाचनपछि कृषि तथा पशुपक्षी विकासमन्त्री बन्नुभएको थियो ।रासस

# 'अविरल जनसाहित्य यात्रा' कवि ज्ञवालीका कविता




काठमाण्डु । राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालको ' अविरल जनसाहित्य यात्रा'को ७३ औँ शृङ्खलामा कवि रूद्र ज्ञवालीका एक दर्जन कविता प्रस्तुत गरिएको छ।

भैरहवाका प्रगतिवादी कवि ज्ञवालीले सामाजिक रूपान्तरण र राष्ट्रियताका विषयमा केन्द्रित कविता शनिवार आयोजित कार्यक्रममा प्रस्तुत गर्नुभयो । उहाँलाई कविता वाचनमा कवि अनुराधा ढकाल, देबु लुइँटेल, रूपक अलङ्कार, ज्ञानु विद्रोही र रमेश पोखरेलले सघाउनुभएको थियो।

कार्यक्रममा अग्रज साहित्यकार शान्ता मानवीले कवितामा जीवन, राष्ट्रियता, नेतृत्व, सरकार, जनता, कार्यकर्ता, समाज आदि सबैका सरोकारका विषय समेटिएको बताउनुभयो। वाचित कवितामाथि टिप्पणी गर्दै समालोचक प्रा डा रामप्रसाद ज्ञवालीले कवितामा चेतनाको सम्प्रेषणका माध्यमबाट कविले नागरिक दायित्वसमेत निर्वाह गरेको देखिएको बताउनुभयो । सङ्घका राम विनयले साहित्यमा पनि वर्गीय प्रेम हुने र विनाभेदभाव सबैलाई समान अवसर प्रदान गर्दै सिर्जनामा रहेका कमीकमजोरी सुधार्ने उद्देश्यका साथ वाचित रचनामाथि विशेषज्ञ व्यक्तित्वद्वारा समीक्षा गर्न शृङ्खला सञ्चाल गरिएको जानकारी गराउनुभयो ।

राष्ट्रिय जनसांस्कृतिक महासङ्घका अध्यक्ष प्रेमनाथ अधिकारीले सिर्जनाका माध्यमबाट सशक्त वैचारिक दृष्टिकोण सम्प्रेषण गर्ने र सामाजिक रूपान्तरण अभियानलाई सघाउने उद्देश्यअनुसार अविरल यात्राले काम गरेका जनाउनुभयो ।

कवि रूद्र ज्ञवालीका हालसम्म 'निर्वासन' कथा सङ्ग्रह २०५८, 'सपना फुल्ने रातहरू' गजल सङ्ग्रह २०६१, 'विवरुका कथाहरू' कथा सङ्ग्रह सहप्रकाशन २०६६, 'उन्मुक्त आकाश' मुक्तक सङ्ग्रह २०६६, 'असल साथी' बालकथा सङ्ग्रह २०७२, 'पात्रहरू' कथा सङ्ग्रह २०७३, 'रुफेर अग्निवर्षामा' मुक्तक सङ्ग्रह २०७५ जस्ता कृतिहरू प्रकाशित छन् ।रासस

# कर्णालीमा सत्ता गठबन्धनलाई बहुमत

कर्णाली । विसं २०७४ को प्रदेशसभा निर्वाचनमा बहुमत पुऱ्याउन एक सिट कम भएको सत्ता गठबन्धनले भर्खरै सम्पन्न निर्वाचनबाट बहुमत प्राप्त भएको छ । यसअघिको निर्वाचनमा माओवादी केन्द्र र एमालेबीच तालमेल भएको थियो । उक्त गठबन्धनले २० सिट जितेको थियो । यसपालीको चुनावमा सत्ता गठबन्धनले १८ सिट जितेको छ। एमाले पाँच सिटमा विजयी भएको छ।

एमाले कर्णाली प्रदेशसभा सदस्यमा डोल्पा ९१०, मुगु ९१०, जुम्ला ९२०, दैलेख क्षेत्र नं २ ९२० र सुर्खेत क्षेत्र नं २ ९१० मा जीत हासिल गरेको छ। अघिल्लो निर्वाचन जित्नुभएका सुर्खेत क्षेत्र नं २ ९१० का यामलाल कँडेल र क्षेत्र नं २ ९२० का विन्दमान विष्ट, डोल्पा ९२० का वीरबहादुर शाही र हुम्ला ९२० जीवनबहादुर शाही यसपटक पुनः दोहोरिनुभएको छ । शाही कर्णाली प्रदेशको मुख्यमन्त्रीसमेत हुनुहुन्छ।

कर्णाली प्रदेशसभाको २४ सिटमध्ये चारमा पुनः दोहोरिन सफल हुनुभएको छ। अठार नयाँ अनुहारले प्रदेशसभामा प्रवेश पाएका छन् । निर्वाचित दुई प्रदेशसभा सदस्यले प्रतिनिधिसभाको समेत अनुभव लिइसकेका छन्। कर्णाली प्रदेशसभा सदस्य निर्वाचनका लागि सत्ता गठबन्धन दलभित्र नेपाली कांग्रेस १२, नेकपा ९माओवादी केन्द्र० १० र नेकपा ९एकीकृत समाजवादी० का दुई उम्मेदवार चुनावी मैदानमा उत्रिनुभएको थियो। कांग्रेस र माओवादी केन्द्रले नौ/नौ तथा एकीकृत समाजवादीले दुवै सिट गुमाएको छ।

कर्णालीका मुख्यमन्त्री शाही हुम्ला प्रदेशसभा ९२०बाट कांग्रेस तथा हुम्ला ९१० बाट माओवादी केन्द्रका रनसिंह परियार स्वतन्त्र उम्मेदवारका रुपमा निर्वाचित हुनुभयो । मुगु प्रदेशसभा ९१० मा एमालेका जीतबहादुर मल्ल र प्रदेश ९२० मा माओवादी केन्द्रका मङ्गलबहादुर शाही निर्वाचित हुनुभयो।

यस्तै जुम्ला प्रदेशसभा (१) मा स्वतन्त्र उम्मेदवार देवेन्द्र शाही र जुम्ला (२) मा नेकपा एमालको टकेराज पछाई विजयी हुनुभयो । डोल्पा प्रदेशसभा १० मा एमालेका शेरबहादुर बुढा र डोल्पा ९२० माओवादीका वीरबहादुर शाही विजय हुनुभयो।

त्यस्तै, कालीकोट प्रदेशसभा ९१० मा माओवादी केन्द्रका दुर्गबहादुर रावत र प्रदेशभा ९२० मा कांग्रेसका हिक्मतबहादुर विष्ट विजयी हुनुभयो । दैलेख क्षेत्र नं १ ९१० र ९२० मा कांग्रेसका उम्मेदवार क्रमशः पूर्णबहादुर खत्री र कृष्णकुमार विसी विजयी हुनुभयो। दैलेख क्षेत्र नं २ ९१० मा कांग्रेसका घनश्याम भण्डारी र ९२० मा एमालेका विनोदकुमार शाह विजयी हुनुयभयो।

यसैगरी सुर्खेत क्षेत्र नं १ ९१० मा कांग्रेसका खड्ग पोखरेल र ९२० मा माओवादी केन्द्रका कृष्णबहादुर जिसी विजयी हुनुभयो। सुर्खेत क्षेत्र नं २ ९१० मा एमालेका यामलाल कँडेल र प्रदेश ९२० मा माओवादी केन्द्रका विन्दमान विष्ट विजयी हुनुभयो।

यस्तै सल्यान प्रदेशसभा ९१० मा माओवादी केन्द्रका भीमप्रकाश शर्मा र ९२० मा कांग्रेसका सुरेश अधिकारी निर्वाचित हुनुभयो । रुकुम-पश्चिम प्रदेशसभा ९१० र ९२० मा माओवादी केन्द्रका क्रमशः महेन्द्र केसी र राजकुमार शर्मा निर्वाचित हुनुभयो । जाजरकोट प्रदेशसभा ९१० र ९२० मा कांग्रेसका क्रमशः वेदराज सिंह र राजीवविक्रम शाह निर्वाचित हुनुभयो । प्रदेशसभा सदस्य ठम्मर विष्ट, पदमबहादुर रोकाय, धर्मराज रेग्मी र कुर्मराज शाही यस पटक पराजित भएका छन्।

**कर्णालीका नवप्रवेशी प्रदेशसभा सदस्यहरु**

सुर्खेत क्षेत्र नं १ ९१० बाट कांग्रेसका खड्ग पोखरेल र १९२० बाट माओवादी केन्द्रका कृष्णबहादुर जिसी, सल्यान ९१० बाट माओवादी केन्द्रका भीमप्रकाश शर्मा र ९२० बाट कांग्रेसका सुरेश अधिकारी, रुकुमपश्चिम ९१० र ९२० बाट क्रमशः माओवादी केन्द्रका महेन्द्र केसी र राजकुमार शर्मा, जाजरकोट ९१० र ९२० बाट कांग्रेसका क्रमशः वेदराज सिंह र राजीवविक्रम शाह पहिलो पटक कर्णाली प्रदेशसभामा प्रवेश गर्दैछन्।

त्यस्तै, डोल्पा प्रदेश ९१० बाट एमालेका शेरबहादुर बुढा, जुम्ला ९१० बाट स्वतन्त्र उम्मेदवार देवेन्द्र शाही र ९२० बाट एमालेका टेकराज पछाई, मुगु ९१० बाट एमालेका जीतबहादुर मल्ल र ९२० बाट माओवादी केन्द्रका मङ्गलबहादुर शाही, हुम्ला ९१०बाट माओवादी केन्द्रका रनसिंह परियार तथा कालीकोट ९२० बाट हिक्मतबहादुर विष्ट प्रदेशसभामा प्रवेश गर्दै हुनुहुन्छ।

कालीकोट ९१० का दुर्गबहादुर रावत यसअघि प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । दैलेख क्षेत्र नं १ ९१० र ९२० का क्रमशः पूर्णबहादुर खत्री र कृष्णकुमार विसी, क्षेत्र नं २ प्रदेश ९१० बाट घनश्याम भण्डारी पनि प्रदेशसभामा प्रवेश गर्ने नयाँ अनुहार हुन् । प्रदेशसभा ९२० बाट निर्वाचित एमालेका विनोदकुमार शाह २०५१ सालमा नेमकिपाबाट दैलेख क्षेत्र नं २ बाट प्रनिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो। रासस

# निर्वाचनमा चलचित्रकर्मी, प्रत्यक्षमा न्यून उपस्थिति, समानुपातिकमा के होला ?




काठमाण्डु । यही मङ्सिर ४ मा सम्पन्न निर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा फिल्मकर्मीहरूले दिएको उम्मेदवारीको राम्रै चर्चा भयो । प्रायः पार्टीको प्रचारप्रसारमा मात्र देखिने फिल्मकर्मीहरू यसपटक चुनावी मैदानमा देखिए । रिल लाइफबाट चुनावी मैदानमा होमिने कलाकारको सङ्ख्या उच्च थियो।

यद्दपि सफलता पाउनेको सङ्ख्या निकै कम छ । प्रत्यक्षको तुलनामा समानुपातिकमा फिल्मकर्मी सांसद बन्ने सम्भावना बढेको छ । राष्ट्रियसभा सदस्य रहिसक्नुभएकी गायिका कोमल वलीले नेकपा (एमाले) बाट दाङको निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिनुभएको थियो । उहाँलाई नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री दीपक गिरीले पराजित गर्नुभयो। गायिका वलीले २९ हजार ९२ मत प्राप्त गर्दा निर्वाचित गिरीले ३६ हजार नौ सय ११ मत प्राप्त गर्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट मोरङ क्षेत्र नं ३ मा उम्मेदवारी दिनुभएकी अभिनेत्री रेखा थापा १० हजार नौ सय ९८ मत प्राप्त गर्दै तेस्रो स्थानमा सीमित हुनुभयो।

सो क्षेत्रमा नेपाली कांग्रेसका सुनिलकुमार शर्मा निर्वाचित हुनुभयो । काभ्रे-२ बाट स्वतन्त्र उम्मेदवारी दिनुभएका फिल्म निर्देशक तथा समीक्षक मनोज पण्डितले एक सय ७३ मत मात्र प्राप्त गर्नुभयो । उहाँले आफूले प्राप्त गरेको मतको सम्मान गर्दै सक्रियता बढाउने बताउनुभयो । "उम्मेदवारी दण्डहिनताका विरुद्ध थियो। सामाजिक व्यवस्थापनका लागि आवाज सधैँ उठाइरहनेछु", निर्देशक पण्डितले भन्नुभयो।

काठमाडौँ क्षेत्र नं ६ बाट स्वतन्त्र उम्मेदवारी दिनुभएका गायक सञ्जय श्रेष्ठले पाँच सय ७७ मत मात्र प्राप्त गर्नुभयो। सो क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शिशिर खनाल निर्वाचित हुनुभयो । काठमाडौँ क्षेत्र नंम्बर १ को प्रदेश (२) मा लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल (लोसपा) तर्फ उम्मेदवारी दिनुभएका फिल्म अभिनेता, निर्माता तथा वितरक करण श्रेष्ठले ६७ मत प्राप्त गर्नुभयो।

"यसपटक प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी दिनुभएका फिल्मकर्मीले केही न केही सिक्नुभएको छ, चुनावी मैदानको सिकाइले आउँदो समयमा यसक्षेत्रमा विकास गर्न र एकताबद्ध हुन् मद्दत गर्नेछ", वितरक श्रेष्ठले भन्नुभयो । सो क्षेत्रबाट नेपाली कांग्रेसका उम्मेदवार सुरजचन्द्र लामिछाने निर्वाचित हुनुभयो।

यस्तै कमेडियन हिमेश पन्त, टेलिभिजन शङ्खला 'सक्किगो नि'मा 'सिते बा' को भूमिकाबाट परिचित मधुसुधन पाठक, कलाकार सम्राट सापकोटा, कलाकार राज तिमल्सेनाले निर्वाचनमा हार बेहोर्नुपर्‍यो । प्रत्यक्ष निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट प्रदेशसभा सदस्यतर्फ धादिङको क्षेत्र नं १ को (१) बाट उम्मेदवारी दिनुभएका निर्माता तथा अभिनेता मधुकुमार श्रेष्ठ र प्यूठान-१ को (२) बाट प्रदेशसभा सदस्यतर्फ उम्मेदवारी दिनुभएका फिल्म निर्माता तथा अभिनेता रोज राणा (सरोज थापा) निर्वाचित हुनुभएको छ। निर्माता श्रेष्ठले १७ हजार आठ सय ३२ र निर्माता राणा २२ हजार पाँच सय १९ मत प्राप्त गर्दै निर्वाचित हुनुभएको हो।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल सांस्कृति सङ्घबाट राजनीतिमा समेत सक्रिय रहनुभएका 'जोगिन्दर' को उपनामले परिचित हास्यकलाकार शिवशङ्कर रिजाल आउँदो निर्वाचनमा कलाकर्मी चुनावी मैदानमा बढ्ने देख्नुहुन्छ । "कलाकारलाई प्रचारप्रसारका लागि मात्र नभइ जनताको सेवा गर्न योग्य ठान्ने दलहरूले अझैँ सङ्ख्या बढाउनु जरुरी छ, हामी सेवा गर्न सक्षम छौँ", हास्यकलाकार रिजालले भन्नुभयो। रासस

# सुनसरी-४ मा पुनःमतगणना गर्न कांग्रेसको माग

इनरुवा। सुनसरी क्षेत्र नं ४ को मतगणना शनिबार साँझदेखि स्थगित भएको छ । यहाँका राजनीतिक दलबीच सहमति कायम हुन नसक्दा अहिलेसम्म पनि मतगणा हुन नसकेको मुख्य निर्वाचन अधिकृत अर्जुन अधिकारीले जानकारी दिनुभयो।

हिजो मतगणनाका क्रममा आयोगले नै छ सय छ मत एमालेतर्फ जोडेको आरोप सो क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार ज्ञानेन्द्रबहादुर कार्कीको छ । त्यसपछि विवाद उत्पन्न भएको र अपराह्न सर्वदलीय बैठक बसेको थियो । सो बैठकमा सर्वदलीय सहमति हुन नसकेपछि साँझदेखि नै मतगणना स्थगित हुन पुगेको थियो।

लोकतान्त्रिक वाम-गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार कार्कीले एमाले पक्षले मतगणनामा धाँधली गरेको र आयोगकै मिलेमतोमा छ सय छ मत एमाले उम्मेदवारका पक्षमा जोडेको बताउनुभएको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमेत रहेका कार्कीले सो आरोप लगाउँदै सुरुदेखि नै पुनः मतगणना गर्न माग राख्नुभएको छ। उहाँले आयोगकै मिलेमतोमा मत हिनामिना भएको सूचना आफूले पाएको बताउनुभयो । आज बिहान पनि सर्वदलीय बैठक बसेको छ तर कांग्रेसका कार्यकर्ताले पुनःमतगणना गर्नुपर्ने माग दोहोऱ्याएपछि अहिलेसम्म गणना स्थगित छ।

उम्मेदवार कार्कीले २३ हजार चार सय ३९ मत प्राप्त गर्नुभएको छ भने एमाले उम्मेदवार जगदीशप्रसाद कुसियतले २३ हजार तीन सय ४१ मत पाउनुभएको छ । कार्की कुसियतभन्दा ९८ मत अगाडि हुनुहुन्छ। यस क्षेत्रमा जम्मा ८१ हजार दुई सय ३३ मत खसेको छ ।रासस

# मानव अधिकार आयोगका अध्यक्षलाई आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरलाई खोटाङमा रहेको आयोगको कार्यालय बन्द नगर्न आग्रह गरिएको छ। दिक्तेल रुपाकोट सभ्फुवागढी नगरापालिका नगरप्रमुख तीर्थराज भट्टराईसहितको समूहले आज आयोगको केन्द्रीय कार्यालयमा ध्यानाकर्षण पत्र बुझाउँदै अध्यक्ष मगरलाई उक्त स्थानको कार्यालय नहटाउन आग्रह गरेको हो।

आयोगका अध्यक्ष मगरले उक्त स्थानमा कार्यालय हटाउने विषयमा आयोगले नसोचेको र त्यहाँ कार्यालय जरुरी भएको विषयमा स्थानीयले नै ध्यानाकर्षण गराउँदा आफूलाई खुसी लागेको बताउनुभयो।

खोटाङमा रहेको उपक्षेत्रीय कार्यालय हटाउने आयोगको आन्तरिक तयारी रहेको थाहा पाएपछि आज ध्यानाकर्षण गराइएको सो क्षेत्रका नगरप्रमुख भट्टराईले बताउनुभयो ।रासस

**घर भाडामा**

जनकपुरधामको बस पार्कसँगै रहेको होटेल सीताशरणको पछाडीको पूर्व मोहडा भएको डेढ कठ्ठामा बनेको अत्याधुनिक व्यवसायिक तथा आवासिय चार तले घर भाडामा लिन चाहनु हुनेले सम्पर्क गर्नु होला।

**सम्पर्क**
मो.नं.९८२३७६७३४०


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : धन बृद्धि सञ्चय। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : वाद विवादबाट बच्नु। |
| बृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कूम्भ | : अवसर प्राप्त। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेश प्रदेशसभामा नयाँ-पुराना अनुहारको मिश्रण

धनुषा । मधेश प्रदेशसभामा यसपटक केही पुराना र केही नयाँ अनुहारलाई जनताले जनप्रतिनिधिका रुपमा पठाएका छन् । फरक दल, फरक समुदाय, फरक उमेर र फरक वर्गको प्रतिनिधित्व मधेश प्रदेशसभामा देखिने भएको छ।

प्रदेशसभामा प्रत्यक्ष निर्वाचित ६४ जना र समानुपातिक ४३ जना गरी जम्मा एक सय सात सदस्यीय सांसद चुनिने व्यवस्था रहको छ । अघिल्लो निर्वाचनमा चुनिएका कतिपय सांसद यसपटक पनि पुनःदोहोरिएका छन् भने संसद्को पहिलो अनुभव लिन नयाँ अनुहारको समेत उल्लेख्य सङ्ख्यामा प्रदेशसभामा प्रवेश पाउने भएको छ।

एक कार्यकाल मुख्यमन्त्रीका रुपमा सरकार सञ्चालन गरी सक्नुभएको लालबाबु राउत फेरि दोहोरिनुभएको छ। जनता समाजवादी पार्टी (जसपा) का केन्द्रीय नेतासमेत रहनुभएको उहाँ पर्सा क्षेत्र नं १ (२) बाट निर्वाचित हुनु भएको छ।

कांग्रेस नेता रामसरोज यादव धनुषा क्षेत्र नं ३ (१) बाट फेरि प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको छ । रामसरोज यसअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्रीसमेत भइसक्नु भएको छ। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेता जितेन्द्र सोनल पनि बारा क्षेत्र नं ४ (२) बाट दोस्रो पटक निर्वाचित हुनुभएको छ। सोनल मधेश प्रदेशमा भौतिक पूर्वाधार तथा विकासमन्त्री भइसक्नुभएको छ।

त्यस्तै पर्सा क्षेत्र नं २ (२) बाट लोसपाकै रमेशप्रसाद कुर्मी पनि फेरि निर्वाचित हुनु भएको छ। उहाँ २०७४ को निर्वाचनमा तत्कालीन राजपाबाट निर्वाचित हुनु भएको थियो । पर्साकै क्षेत्र नं ४ (१) बाट कांग्रेसका शङ्करप्रसाद चौधरी पनि दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको छ । दोस्रो पटक निर्वाचित हुनुहुनेमा रौतहट-४ (२) बाट जसपाका शेष अबुल कलाम आजाद पनि पर्नुहुन्छ।

यसैगरी सर्लाहीबाट चार जना प्रदेश सांसद दोस्रो पटक निर्वाचित हुनु भएको छ। सर्लाही क्षेत्र नं १ (१) बाट लोसपाका उपेन्द्र महतो र (२) बाट वेंची लुडेली, क्षेत्र नं ३ (२) बाट जसपाका सञ्जयकुमार यादव तथा क्षेत्र नं ४ (१) बाट कांग्रेसका वीरेन्द्रप्रसाद सिंहले प्रदेशसभामा पुनः निर्वाचित भई सिट सुरक्षित गर्नुभएको छ । कांग्रेसका सिंह यसअघि प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रीसमेत भइसक्नु भएको छ । त्यस्तै महोत्तरी क्षेत्र नं ३ (१) मा लोसपाबाट उम्मेदवार बन्नुभएका अभिराम शर्मा र ३ (२) बाट रानी शर्मा पुनःनिर्वाचित हुनु भएको छ । अभिराम शर्माले सामाजिक विकास राज्यमन्त्री को समेत जिम्मेवारी सम्हाली सक्नुभएको छ । उहाँले मधेश प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रिनु भएको जसपाका दीपेन्द्र झालाई झिनो मतले पराजित गर्नुभएको हो। धनुषा क्षेत्र नं २ (२) मा जसपाका रामाशिष यादव पनि दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको छ। सप्तरी क्षेत्र नं ३ (१) मा कांग्रेसका मोहम्मद समिम पनि दोस्रो पटक निर्वाचित हुनुभएको छ।

**केही नयाँ अनुहार**

पर्सा क्षेत्र नं १ (१) बाट निर्वाचित माओवादी केन्द्रका रहवर अन्सारी, पर्सा क्षेत्र नं २ (१) बाट निर्वाचित कांग्रेसका श्यामप्रसाद पटेल, पर्सा क्षेत्र नं ३ (२) बाट जित्नु भएको कांग्रेसका जनार्दन सिंह क्षेत्रीको प्रदेशसभामा यो पहिलो यात्रा हो। यस्तै बारा क्षेत्र नं ३ (१) बाट निर्वाचित एमालेको रवीन्द्र दास श्रेष्ठ, बाराकै क्षेत्र नं ४ (१) बाट निर्वाचित एमालेका देवनारायण थारू पनि प्रदेशसभाका लागि नयाँ हुनुहुन्छ।

रौतहटमा प्रदेशसभामा निर्वाचित सातमध्ये छ नयाँ हुनुहुन्छ। क्षेत्र नं १ (१) बाट नागेन्द्र साह र (२) बाट कृष्णप्रसाद यादव निर्वाचित निर्वाचित हुनु भएको छ। कांग्रेसका दुवै नेताको पनि यो प्रदेशसभाको पहिलो यात्रा हो। कृष्ण यादव कांग्रेसका प्रदेश सभापति पनि हुनुहुन्छ। क्षेत्र नं २ (१) मा एमालेका मोहम्मद जैद आलम, क्षेत्र नं २ (२) बाट निर्वाचित कनिश पटेल, क्षेत्र नं ३ (१) मा स्वतन्त्र उम्मेदवार केशव राय र क्षेत्र नं ४ (१) मा निर्वाचित माओवादीका युवराज भट्टराई पनि नयाँ हुनुहुन्छ।

यसैगरी सर्लाही-४ (२) मा माओवादीका फकिरा महतो र धनुषा-२ (१) मा एमालेका लखन दास तत्मा निर्वाचित हुँदै पहिलो पटक सांसद बन्नुभएको छ। सप्तरीका छ स्थानको नतिजा आउँदा प्रदेशसभा पुग्ने पाँच नयाँ हुनुहुन्छ। यसमध्ये चार जनमत पार्टीका हुनुहुन्छ । क्षेत्र नं ३ (२) मा शम्भुकुमार साह, क्षेत्र नं २ (१) मा सतिशकुमार सिंह, क्षेत्र नं २ (२) मा महेशप्रसाद यादव र क्षेत्र नं १ (२) मा सकिल मियाँ निर्वाचित हुनुभएको छ । क्षेत्र नं १ (१) मा जित्नु भएको एमालेका राजकुमार लेखी पनि नयाँ नै हुनुहुन्छ। लेखीसँग यसअघि प्रदेश सरकारको नीति तथा योजना आयोगमा सदस्य भएर काम गरेको अनुभव छ।

**मन्त्री पराजित**

विसं २०७४ मा निर्वाचित भई प्रदेशका महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालु भएका केही मन्त्रीले भने यसपटकको निर्वाचनमा पराजय व्यहोर्नु परेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय हुँदै हाल अर्थमन्त्री रहनु भएका शैलेन्द्र साह सप्तरी क्षेत्र नं २ (१) मा पराजित हुनुभएको छ।

यस्तै पाँच वर्षसम्म भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री रहनु भएका योगेन्द्र राय यादव पनि पराजित हुनु भएको छ। उहाँ रौतहट-१ (२) मा उम्मेदवार हुनुहुन्थ्यो। प्रदेश मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर निर्वाचनमा होमिएका दीपेन्द्र झा पनि पराजय व्यहोर्नु परेको छ।रासस




# समानुपातिकतर्फ ८४ लाख मत गनियो

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फको मतगणना जारी छ।

निर्वाचन आयोगले आइतवार अपराह्न १२ बजेसम्म कूल ८४ लाख २१ हजार सात सय ५३ मत गणना सम्पन्न गरेको छ । मतगणना निरन्तर भइरहेको आयोगले जनाएको छ । पछिल्लो विवरण अनुसार मतपरिमाणमा नेकपा(एमाले)ले २३ लाख १६ हजार सात सय ३६ मत प्राप्त गरेको छ।

दोस्रोमा रहेको नेपाली कांग्रेसले २२ लाख १८ हजार सात सय ४६ मत प्राप्त गरेको छ। तेस्रोमा रहेको नेकपा (माओवादी केन्द्र)ले नौ लाख ६९ हजार तीन सय ९६ मत प्राप्त गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले नौ लाख २८ हजार एक सय २४ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीले चार लाख ८७ हजार आठ सय ५५ मत प्राप्त गरेका छन् ।

जनता समाजवादी पार्टीले दुई लाख ८९ हजार आठ सय ६८, नेकपा (एकीकृत समाजवादी)ले दुई लाख २४ हजार एक सय ७१ मत प्राप्त गरेका छन् । आयोगका अनुसार जनमत पार्टीले दुई लाख २३ हजार नौ सय ७९, नागरिक उन्मुक्ति पार्टीले एक लाख ९८ हजार ३४, लोकतान्त्रिक समााजवादी पार्टीले एक लाख २० हजार आठ सय ४८, नेपाल मजदूर किसान पार्टीले ७० हजार २२, हाम्रो नेपाली पार्टीले ४७ हजार नौ सय ७१, राष्ट्रिय जनममोर्चाले ४३ हजार एक सय १६ र मङ्गोल नेशनल अर्गनाइजेशनले ४३ हजार ९८ मत प्राप्त गरेका छन् ।

समानुपातिक निर्वाचन प्रणालीमा सहभागी भएका कूल ४७ दलमध्ये सबैभन्दा अन्तिममा रहेको नेश्नलिष्ट पिपल्स पार्टीले एक हजार तीन सय ७४ मत प्राप्त गरेको छ ।रासस

# मन्त्रीलाई पराजित गर्ने स्वतन्त्र पार्टीका उम्मेदवार



काठमाण्डु । मतदाताको मन कुनबेला बदलिन्छ र त्यसले राजनीतिमा कस्तो फेरबदल ल्याइदिन्छ भन्ने कुरा मतगणना भएपछि मात्रै थाहा हुन्छ । निर्वाचन अघि सामान्य झलक नदेखिए पनि मतगणनापछि भने नसोचेको परिणाम हात लागेको छ।

राजनीतिक दल र तिनका नेताहरुले आफ्नो ठानेका क्षेत्रमा पनि यस पटकको निर्वाचनको परिणाम फरक देखियो। यसकारण मतदाताको स्वभाव र चाहनाको ख्याल गर्ने उम्मेदवार सफल भए भने निर्वाचनलाई परम्परागत रुपमा लिएका उम्मेदवार पराजित भएका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभाको यस पटकको निर्वाचनमार्फत उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी प्रत्यक्षतर्फ सात स्थानमा विजयी भएको छ। लामो समयदेखि नेपाली राजनीतिमा स्थापित कतिपय व्यक्तिलाई सो पार्टीका उम्मेदवारले पराजित गरेका छन्। यस्तो मेसोमा कतिपय बहालवाला मन्त्री पनि परेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारसँग पराजित हुनेमा ललितपुर क्षेत्र नं ३ बाट ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, काठमाडौँ क्षेत्र नं ८ मा उम्मेदवार रहेका संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ र चितवन क्षेत्र नं २ बाट राज्यमन्त्री उमेश श्रेष्ठ पराजित हुनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट काठमाडौँ क्षेत्र नं ६ मा शिशिर खनाल १४ हजार दुई सय चार मतसहित निर्वाचित हुँदा नेकपा(एमाले)का उम्मेदावर सर्वेन्द्र खनालले आठ हजार नौ सय ११ मत प्राप्त गर्नुभयो। सोही क्षेत्रका अर्का उम्मेदवार नेपाली कांग्रेसका भीमसेनदास प्रधानले आठ हजार आठ सय पाँच मत प्राप्त गर्नुभयो।

राष्ट्रिय योजना आयोगको उपाध्यक्षबाट राजीनामा दिएर चुनावी मैदानमा जानुभएका विश्वनाथ पौडेल र पूर्वअर्थमन्त्री एमाले उम्मेदवार सुरेन्द्र पाण्डे चितवनको क्षेत्र नं १ बाट स्वतन्त्र पार्टीका हरि ढकालसँग पराजित हुनुभयो।

काठमाडौँ क्षेत्र नं ७ मा स्वतन्त्र पार्टीकै गणेश पराजुली आठ हजार सात सय ४३ मत प्राप्त गरी विजयी हुनुभयो। यहाँ एमालेका श्यामकुमार घिमिरेले छ हजार आठ सय र माओवादी केन्द्रका मानुषी यमी भट्टराईले छ हजार ६३ मत प्राप्त गर्नुभयो।

काठमाडौँ क्षेत्र नं ८ मा स्वतन्त्र पार्टीका विराजभक्त श्रेष्ठसँग पर्यटनमन्त्री श्रेष्ठ पराजित हुनुभयो। श्रेष्ठले १० हजार एक सय १२ मत प्राप्त गरी विजयी हुँदा स्थानीय तहको निर्वाचनका चर्चित उम्मेदवार हाम्रो नेपाली पार्टीका सुमन सायमीले छ हजार एक सय ७९ मत प्राप्त गर्नुभयो। सो क्षेत्रमा एमालेका उम्मेदवार शिवसुन्दर राजवैद्यले तीन हजार आठ सय ९१ मत प्राप्त गर्नुभयो। मन्त्री श्रेष्ठले चार हजार आठ सय ८१ मत प्राप्त गर्नुभयो।

स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने ४९ हजार दुई सय ६४ मत ल्याई निर्वाचित हुँदा उहाँका प्रतिस्पर्धी, कांग्रेस उम्मेदवार राज्यमन्त्री श्रेष्ठले १४ हजार नौ सय ८३ मत र एमालेका कृष्णभक्त पोखरेलले १४ हजार छ सय ४७ मत प्राप्त गर्नुभयो।

स्वतन्त्र पार्टीकै सोविता गौतम काठमाडौँ क्षेत्र नं २ बाट निर्वाचित हुनुभयो । उहाँले १५ हजार दुई सय ३८ मत प्राप्त गर्दा एमालेका मणिराम फुँयालले ११ हजार पाँच सय ६६ मत, राप्रपाका कुन्तीदेवी पोखरेलले ११ हजार २४ मत र माओवादीका उम्मेदवार ओनसरी घर्तीले नौ हजार चार सय ५९ मत प्राप्त गर्नुभयो।

ललितपुर क्षेत्र नं ३ बाट सोही पार्टीकी तोसिमा कार्कीले ३१ हजार एक सय ३६ मत प्राप्त गरी विजयी हुनुभयो । सो क्षेत्रमा दोस्रो स्थानमा एमालेका अमृत खड्काले १२ हजार नौ सय ६३ मत र तेस्रो स्थानमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री भुसालले आठ हजार सात सय ६९ मत प्राप्त गर्नुभयो।रासस

# तीन जिल्लाबाहेकको मत परिणाम मङ्सिर १३ गतेसम्म आइसक्ने

काठमाण्डु । यही मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भई निर्वाचनको मतपरिणाम आउनेक्रम अन्तिम चरणमा रहेको छ।



पछिल्लो मतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेसले सबैभन्दा बढी मत प्राप्त गरेको छ । निर्वाचन आयोगका अनुसार आइतबार दिउँसोसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसले ५३ स्थानमा जित हासिल गरेको छ भने तीन स्थानमा अग्रता कायम गरेको छ।

त्यस्तै नेकपा (एमाले) ४१ स्थानमा विजयी भएको छ भने दुई स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले १७, नेकपा (एकीकृत समाजवादी)ले १०, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात, जनता समाजवादी पार्टी नेपालले छ स्थानमा जित हासित गरेको छ भने एक स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्र पाँच, लोकतान्त्रिक समाजवादी पार्टीले चार र नागरिक उन्मुक्ति पार्टीले तीन स्थानमा विजयी भएका छन्।

बाँकी स्थानको केही विवादका कारण निर्वाचन र मतगणनामा भएको ढिलाइ तथा मतगणना स्थागितका कारण समयमै नतिजा आउन सकेको छैन । बाजुरा, दोलखा र स्याङ्जाबाहेक अरु सबै जिल्लाको प्रत्यक्ष तथा समानुपातिकतर्फको मतपरिणाम आज साँझ अथवा भोलिसम्म आइसक्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राससलाई जानकारी दिनुभयो।

हाल प्रत्यक्षसँगै समानुपातिकको पनि मतगणना जारी रहेकाले उक्त तीन जिल्लाबाहेकको सबै मतपरिणाम मङ्सिर १३ गतेसम्म आइसक्ने उहाँले बताउनुभयो । बाजुरा, दोलखा र स्याङ्जामा देखिएको समस्याका सम्बन्धमा आयोगले आवश्यक निर्णय गरी यथाशीघ्र सबै मतपरिणाम आइसक्ने आयोगको दाबी छ । अन्तिम मतपरिणाम प्राप्त भएपछि त्यसको सम्पूर्ण विवरण आयोगले राष्ट्रपतिलाई बुझाउने कानुनी प्रावधान छ।

संविधानमा के छ, सरकार बन्ने प्रावधान ?

नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने प्रावधान छ। प्रतिनिधिसभाका प्रत्यक्ष एक सय ६५ र समानुपातिक एक सय १० सिटको हालसम्मको मतपरिणाम हेर्दा कुनै पनि दलको बहुमत नआउने स्पष्ट छ । प्रतिनिधिसभाको कूल दुई सय ७५ सिटमध्ये बहुमत ल्याउन एक सय ३८ सिट ल्याउनुपर्छ।

सोही धाराको उपधारा (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेका अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ।

त्यस्तै उपधारा (३) मा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुनसक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ । उपधारा (५)मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नसक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

उपधारा (६)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्नेछ। त्यस्तै उपाधारा (७)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ।

उपधारा (८)मा संविधानबमोजिम भएको प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने प्रावधान छ ।रासस

# प्रत्यक्षमा कांग्रेस, समानुपातिकमा एमाले पहिलो

गण्डकी । गण्डकी प्रदेशसभामा स्याङ्जाको क्षेत्र नं २ मा बाहेक सबै निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ। कूल ११ जिल्ला रहेको गण्डकी प्रदेशमा प्रत्यक्षमा प्रतिनिधिसभातर्फ १८ र प्रदेशसभातर्फ ३६ निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा भएकामा हालसम्म प्रतिनिधिसभातर्फ १७ र प्रदेशसभातर्फ ३४ ठाउँको चुनावी परिणाम घोषणा भइसकेको छ।

मनाङको प्रदेश निर्वाचन क्षेत्र(२) मा राजिव गुरुङ निर्विरोध निर्वाचित हुनुभएको थियो । स्याङ्जा क्षेत्र नं २ मा नेकपा एमालेले निर्वाचनमा धाँधली भएको भन्दै पुनः मतदानको माग गरेका कारण त्यहाँ मतगणना सुरु हुन सकेको छैन।

हालसम्मको नतिजाले प्रत्यक्षतर्फ नेपाली कांग्रेस पहिलो देखिएको छ भने समानुपातिकमा नेकपा एमाले पहिलो देखिएको छ। कांग्रेसले गण्डकी प्रदेशसभामा १६ स्थानमा जित हासिल गरेको छ । यसअघि २०७४ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा कांग्रेसले प्रतिनिधिसभातर्फ प्रत्यक्षमा नवलपुर क्षेत्र नं १ मा मात्रै विजयी बनेको थियो, भने प्रदेशसभामा जम्मा छ स्थानमा जितेको थियो।

उक्त चुनावमा समानुपातिकबाट नौ स्थान गरी कूल १५ सिट हासिल गरेको कांग्रेसले अहिले भने प्रत्यक्षमा नै १६ सिट सुरक्षित गरी पहिलो पार्टी बनेको हो। यस निर्वाचनमा गठबन्धनका कारण कांग्रेसले प्रतिनिधिसभामा १२ निर्वाचन क्षेत्रमा उम्मेदवार बनाएको थियो भने प्रदेशसभामा २२ उम्मेदवार बनाएको थियो।

अघिल्लो निर्वाचनमा गण्डकी प्रदेशसभामा प्रत्यक्षतर्फ १७ र समानुपातिकतर्फ १० सिट गरी २७ सिट हासिल गरेको नेकपा एमाले यस पटकको निर्वाचनमा उक्त जितलाई सुरक्षित गर्न सकेन । यस पटकको निर्वाचन परिणामअनुसार प्रत्यक्षतर्फ एमाले प्रतिनिधिसभातर्फ पाँच स्थानमा विजयी बनेको छ भने प्रदेशसभातर्फ १२ स्थानमा विजयी बनेको छ। एमालेले प्रतिनिधिसभामा १८ वटै क्षेत्रमा र प्रदेशसभामा ३४ स्थानमा उम्मेदवारी दिएको थियो । समानुपातिकमा भने हालसम्मको जारी मतगणनामा प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा एमाले पहिलो बनेको छ।


अघिल्लो निर्वाचनमा प्रतिनिधिसभातर्फ प्रत्यक्षमा तीन स्थानमा जित हासिल गरेको नेकपा माओवादी केन्द्र अहिले भने दुई स्थानमा मात्रै विजयी बनेको छ। कांग्रेस सहितको पाँच दलीय गठबन्धनका क्रममा माओवादी केन्द्रले प्रतिनिधिसभातर्फ चार स्थानमा उम्मेदवारी दिएको थियो। त्यस्तै अघिल्लो निर्वाचनमा प्रदेशसभातर्फ प्रत्यक्षमा नौ स्थान जितेको माओवादी केन्द्र अहिले पाँच ठाउँमा मात्रै विजयी बनेको छ । अघिल्लो निर्वाचनमा समानुपातिक तीन सहित गण्डकी प्रदेशसभामा माओवादीले १२ सिट सुरक्षित गरेको थियो।

अघिल्लो निर्वाचनमा गण्डकी प्रदेशसभामा प्रत्यक्षतर्फ दुई सिटमा निर्वाचित बनेको राष्ट्रिय जनमोर्चाले समानुपातिकबाट एक गरी तीन सिट कायम गरेको थियो। अहिले भने जनमोर्चाले प्रदेशसभामा उम्मेदवार उठाएन । प्रतिनिधिसभा सदस्यमा गठबन्धनबाट राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी बागलुङ-१ बाट विजयी बन्नुभएको छ।

कांग्रेस सहितको गठबन्धनमा रहेको नेकपा (एकीकृत समाजवादी)ले गण्डकीमा जित निकाल्न सकेन । प्रतिनिधिसभातर्फ कास्की-२ र प्रदेशसभातर्फ नवलपुर-१ (२) मा उम्मेदवारी दिए पनि दुवैमा पराजय भोगेको छ।

गण्डकी प्रदेशमा समानुपातिकतर्फ एमालेले तीन लाख ४० हजार पाँच सय ३३, कांग्रेसले तीन लाख १७ हजार पाँच सय ९६ र माओवादी केन्द्रले एक लाख १५ हजार तीन सय ६६ मत प्राप्त गरेको छ। रासस


हार्दिक स्वागतम्




मिति २०७९ सालको सितराम विवाह पञ्चमी महोत्सव मेलामा पाल्नु भएको स्वदेशी तथा विदेशी र मित्र राष्ट्र भारत वाट श्रद्धालु भगत तथा सम्पूण तिर्थालु भक्तजनहरु लाई हार्दिक स्वागत गर्दछौं ।

प्रभाकर प्रसाद साह
उपसभापति

एवं

रामचन्द्र साह
सभापति

श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संघीयता खतरामा

मंसिर ४ गते सम्पन्न निर्वाचनको परिणामबाट गठन हुने संघीय संसदमा संघीयता विरोधीहरुको सशक्त उपस्थिति हुनेछ।संघीयताको बिरोध गरेरै चुनावमा सहभागी भएका केही दल र केही दलका नेताहरुको अभिव्यक्ति, उनीहरुको चुनावी घोषणा पत्र लगायतमा संघीयताको विरोधी विषयहरुले प्राथमिकता पाउन थालेका छन् ।राष्ट्रिय स्वतन्त्र पार्टीले संघीयताप्रतिको आक्रोश व्यक्तगर्दै प्रदेश सभाको निर्वाचनमा सहभागी समेत भएन् ।राप्रपा र एमाले पनि संघीयताको पक्षमा छैन् ।संसदमा संघीयता विरोधीहरुको स्वर जोडले गुञ्जिने छ ।देशमा संघीयता खारेज हुनुपर्ने पक्षधरहरुले अब संसदबाट नै आवाज उठाउँदै संविधान संशोधनको प्रकृयासम्म जान नसक्ने भन्न सकिदैन ।संघीयताका लागि आन्दोलन गर्ने र त्यो प्राप्तिपछि संस्थागत गर्न सकृय रहेका दलहरुको संसदमा उपस्थिति कमजोर देखिएको छ ।जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादव, लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो, माओवादीका नेता मात्रिका यादव लगायतका संघीयताका पक्षधरहरु संसदमा पुग्न सकेनन् ।नेकपा माओवादीको अवस्था पनि संसदमा बलियो छैन् ।नेपाली काँग्रेसको संघीयतामा धेरै रुची छैन् ।उसले विरोध नगरेपनि जोडदार समर्थन पनि गर्ने छैन् ।संघीयता एक प्रकारले खतरामा पर्न थालेको छ ।संघीयताबाट सर्वाधिक लाभान्वित भएका प्रदेशमा पनि संघीयता विरोधीहरु बलियो भएर संसदमा पुगेका छन् ।संघीयताका लागि जीवनलाई दाउमा लगाउने नेताहरुको पराजयपनि त्यसको उदाहरण हो ।संघीयताका लागि निरन्तर संघर्ष गरेका यादव, महतो लगायतका नेताहरुको पराजय र संघीयता विरोधी एमालेको सशक्त प्रदर्शनले मधेश प्रदेशका जनता पनि संघीयताका लागि सचेत देखिएका छैनन् । नेपाली काग्रेसमा संघीयताका हिमायती मानिएकाहरुको संख्या पनि कम भएको छ ।प्रदीप गिरिको निधनपछि काँग्रेसमा संघीयताको पक्षधर रहेका विमलेन्द्र निधि पनि कमजोर अवस्थामा नै छन् ।चुनावमा चुकेका मधेशी मतदाताहरुले संघीयतालाई जोगाउन सडक संघर्षलाई रोज्नुपर्ने बाध्यता हुन सक्छ ।नेपालमा संघीयताको अभ्यास प्रारम्भ हुन थालेकै बेला त्यसका बिरोधीहरु बलिया भएका छन् ।संघीयता भएकै कारण प्रदेश सरकारको गठन र स्थानीय तहलाई अधिकार प्राप्ति भएको छ ।पूर्वाधारको विकासले गति लिएको छ ।हुनत संघीयताको अभ्यास गर्ने क्रममा प्रदेशहरुमा देखिएको आर्थिक अनियमितताले जनतामा केही वितृष्णा बढाएकै हो ।तर केही नेता, पदाधिकारीहरुले अनियमितताग‍र्दैमा संघीय प्रणालीलाई नै खराब भन्न सकिदैन् ।प्रदेश, स्थानीय तह अथवा संघीय सरकारमा रहेका मन्त्री, पदाधिकारीहरुले आर्थिक अनियमितता गरे उनीहरुमाथि कारवाही हुनैपर्छ ।भइ पनि रहेको छ ।संघीयतालाई नै खारेज गर्नुपर्ने, हिन्दू राष्ट्र कायम गर्नुपर्ने, राजतन्त्र फर्काउनु पर्ने यस्ता विषयहरुमा बोल्न, लेख्न, शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार सबैलाई छ ।त्यसकारण संघीयता पक्षधरलाई पनि सचेत हुनु अत्यन्त आवश्यक भइसकेको छ ।

# ४ मंसिरको जनादेशको सन्देश



ललित कुमार यादव

२०४७ देखि २०७९ सालसम्म आइपुग्दा नेपाली लोकतन्त्रले विभिन्न प्रकारको अभ्यास गरेको छ। राजासहितको संसद, राजाविहीन संसद र सत्ता दुवैको अनुभव बटुलेको छ, नेपाली लोकतन्त्रले ।नेपाली लोकतन्त्रले प्रतिपक्षविहिन संसदको अनुभव समेत बटुलेको छ।नेपाली राजनीतिक दल र तिनका नेताहरुले राजनीतिका अनेक आरोह अवरोह र घुम्तीहरु पार गरेका छन्। लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्न नेताहरुले गरेका कठोर संघर्षलाई बिर्सिनु हुदैन र बिर्सिन पनि सकिदैन्। आम नेपाली नागरिकले नेताहरुको संघर्षलाई बिर्सिएमा त्यो उनीहरुप्रति अन्यायनै हुनेछ। तर नेताहरु आफैले कठोर संघर्ष गरेर ल्याएको लोकतान्त्रिक शासन व्यवस्थालाई संस्थागत गर्न नसकेको यथार्थलाई पनि नकार्न सकिदैन।हाम्रा नेताहरु आन्दोलन र क्रान्ति गर्न सफल भएकाबेला आम नेपाली नागरिकको प्रशंसा पाए र लोकप्रिय पनि भए, तर तिनै नेताहरु प्राप्त उपलब्धीलाई संस्थागत गर्नुको सट्टा पैसा र पदका लागि मरिहत्ते गर्न थाले, जनतातिर फर्किनै छाडे अनि नेताहरुको लोकप्रियता घटदै गयो। अहिले नेताहरु अलोकप्रिय बनेका छन्।नेपाली जनता नयाँ अनुहारको खोजिमा छन् तर मुलधारका राजनीतिक दलहरुले नयाँ अनुहारलाई अगाडी सार्नै सकेका छैनन्। दलहरुले नयाँ अनुहारलाई सार्न नखोज्नुनै दल र नेताहरुको अलोकप्रियता तथा असफलताको मूख्य कारण हो।

गएको ३० वर्षमा भएका ६ वटा संसदीय निर्वाचनमा मुख्यतया काँग्रेस र एमालेबीचनै पहिलो शक्ति बन्न प्रतिस्पर्धा भएको छ। यहि मंशिर ४ मा भएको सातौं र नयाँ संविधान अनुसारको दोस्रो संसदीय निर्वाचनमा पनि यी दुई दलबीचनै पहिलो राजनीतिक शक्ति बन्ने प्रतिस्पर्धा रहेको जारी मतगणनाको नतिजाले देखाएको छाकाँग्रेस तीनपटक, एमाले दुईपटक र मओवादी एकपटक पहिलो दलबनेका छन्। जारी मतगणनाको हालसम्मको परिणामले यस पटक काँग्रेस पहिलो राजनीतिक शक्ति बन्ने देखिएको छ भने २०६४ मा मुलुकको पहिलो राजनीतिक शक्ति बनेका माओवादी त्यसपछिको निर्वाचनबाट तेस्रो शक्तिमा खुम्चिएकोमा यसपटक माओवादीलाई तेस्रो शक्तिमा कायम रहन निकै सकस परेको देखिन्छ । नेपाली मतदाताले हरेक निर्वाचनबाट काँग्रेस र एमालेलाई मूलधारको राजनीतिक दलका रुपमा स्थापित गरे। तर यी दुई दल सत्ताको विकृत खेलमा लागेकै कारण कहिल्यै सफल हुन सकेन्।२०६४ मा पहिलो शक्ति बनेका माओवादी पनि आफ्नो शक्ति कायम राख्न सकेन बरु त्यसपछिको निर्वाचनमा खिइदै आएको छ।

एउटा निर्वाचनबाट पहिलो शक्ति बनेको दल त्यस लगतै भएको अर्को निर्वाचनबाट पनि पहिलो शक्तिमै कायम रहन सकेको देखिदैन ।माओवादी एकपटक पहिलो शक्ति बनेपनि पालै पालो पहिलो र दोस्रो शक्ति काँग्रेस र एमालेलाईनै नेपाली मतदाताले बनाउने गरेका छन्।काँग्रेस पहिलो शक्ति बनेको निर्वाचनपछि भएको निर्वाचनमा दोस्रो शक्तिमा झरेको छ भने एमालेकालागि पनि यहि अवस्था भएको छ,। २०६४ मा भने काँग्रेस दोस्रो र एमाले तेस्रो शक्तिमा झरेको थियो । नेपालका मूलधारको राजनीति दलहरुले जनताबाट पाएको जनमतलाई पटक पटक जोगाउन नसकेको देखिन्छ। कहिले आन्तरिक विवादका नाममा त कहिले सत्ताको विकृत खेलका कारण यी दलहरुले संसद विघटन गरे र विघटन गर्ने प्रयास गरे। जनताले दिएको मतको कदर गर्नै सकेका छैनन्, दलहरुले । सरकारले सार्वजनिक सेवा प्रवाह गर्न जहिले चुकेको देखिन्छ। सँधै सत्तामा जान र सत्ता जोगाउन विकृत खेलहरु संसदमा खेले यी दलहरुले। संसद प्रभाकारी भएको कहिल्यै जनताले अनुभव गर्न सकेनन्। सरकारले सेवा प्रवाह गर्न नसक्ने , संसदले प्रभावकारी भुमिका निर्वाह गर्न नसक्ने, संसदमा जहिल्यै सत्ताका विकृत खेलहरु भई रहने, स्थीर सरकार कुनै दल र कुनै गठबन्धनले दिन नसक्नु , जनताको समृध्दीको सपना पुरा गर्ने विश्वास कुनै दलले दिन नसकनु आदि कारणले जनता जहिल्यै बैकल्पिक शक्तिको खोजिमा रहेका छन्।

हरेक निर्वाचनमा वैकल्पिक शक्तिका रुपमा नयाँ दल आउन खोजे पनि काँग्रेस र एमालेको वर्चस्वलाई तोडन सकेको छैन्। प्रजातन्त्र स्थापनापछिको दोस्रो निर्वाचनमै राप्रपा वैकल्पिक शक्तिको रुपमा उदाउन खोजे तर अहिलेसम्म काँग्रेस र एमालेको विकल्प बन्न सकेको छैन बरु त्यसपछिको निर्वाचनमा कमजोर बन्दै गएको छ।शान्तिपूर्ण राजनीतिमा आएको पहिलो निर्वाचनबाटै पहिलो शक्ति बनेको माओवादी अहिले आफ्नो स्तित्व जोगाउन र सत्ताको मोलतोल गर्न कहिले एमालेसँग त कहिले काँग्रेसँग सहारा माग्ने गरेको छ र यस निर्वाचनबाट झन कमजोर हुने देखिएको छ। २०६४ मा मधेसमा उदाएका मधेस केन्द्रित दलहरुले पनि मधेसमै आफ्नो स्तित्व जोगाउन काँग्रेस र एमालेको सहारा खोज्नु परेको छ तरपनि स्तित्व जोगाउन मुश्किल परेको छ । सत्तामा सहकार्य वा सत्ताका लागि दलहरुबिच गठबन्धनको सुरुवात २०५१ साल देखि भएको हो। मध्यावधी निर्वाचन २०५१ मा कुनै पनि दलको बहुमत आएको थिएन्। आम निर्वाचन २०४८ र २०५६ मा नेपाली कांग्रेसले बहुमत प्राप्त गरेको थियो तर पनि संसद पुरा अवधि टिक्न सकेको थिएन्। संविधानसभाको निर्वाचन २०६४ नयाँ निर्वाचन प्रणाली अनुसार भएको थियो र कुनै दलले बहुमत प्राप्त गर्न सकेनन्।२०६४ देखि २०७० सम्मको अवधिमा दलहरुले गठबन्धनको सरकार बनाउने र भत्काउने क्रम चली रह्ययो। यस अवधीमा विभिन्न दलबिच गठबन्धन भएर चार चटा सरकार गठन भएको थियो भने चुनाव गराउन प्रधान न्यायाधीश को अध्यक्षतामा सरकार गठन गर्नु परेको थियो। संविधानसभाको निर्वाचन २०७० मा पनि कुनै दलको बहुमत आएन र फेरि गठबन्धनकै सरकार गठन हुने र भत्किन क्रम चल्यो । स्थानीय निर्वाचन २०७४ देखि दलहरुबिच निर्वाचनमा पनि गठबन्धनको सुरुवात भयो। २०७४ को स्थानीय निर्वाचनमा केही सिमित स्थानमा कांग्रेस र माओवादीबीच गठबन्धन भएको थीयो तर बठबन्धनको पक्षमा खासै नतिजा नआएको बूझाई दुवै पक्षका नेताहरुको रह्यो।सहज रुपमा मत आदानप्रदान हुन नसकेको परिणामले पनि देखाएको थियो। यद्यपि काठमाडौं महानगरको मेयरमा राप्रपाको सहयोगमा एमाले र भरतपुर महानगरको मेयरमा कांग्रेसको सहयोगमा माओवादीको उम्मेदवार विजय भएको थियो।स्थानीय निर्वाचनको केही महिनापछि नै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकसाथ भएको थियो। त्यस निर्वाचनमा एमाले र माओवादीबीच देशैभरि गठबन्धन भएको थियो भने मधेसमा तत्कालिन संघीय समाजवादी र राजपाबीच गठबन्धन भएको थियो। मधेसमा मधेसी गठबन्धनले र बाँकी प्रदेशमा वाम गठबन्धनले काम गरेको थियो। निर्वाचनपछि ओलीको नेतृत्वमा वामगठबन्धनको अत्याधिक बहुमत रहेको संघीय सरकार गठन भएको थियो भने मधेस प्रदेशमा मधेसी गठबन्धनको प्रादेशिक सरकार र बाँकी प्रदेशमा वाम गठबन्धनकै सरकारहरु गठन भएको थियो। कांग्रेस संघ देखि प्रदेशसम्मका सत्ता बाहिर वस्न बाध्य थियो लगतै वाम गठबन्धनले एकताको रुप लियो र नेकपाको स्थापना भएको थियो।उता मधेसी गठबन्धन पनि एकतामै परिणत भएको थियो।

संविधान लागु भएको सात सात वर्ष पुग्दा पनि संविधानवाद र कानुनी शासन स्थापित हुन सकेको छैन्। प्रजातन्त्रको मन्दिर संसदलाई विगतको पाँच वर्षको अवधिमा दुईपटक विघटन गरेर संविधानलाईनै ध्वस्त पार्ने सम्ममको प्रयास भयो । यस अवधिमा न्यायालय र नयायालयको नेतृत्व समेत विवाद मुक्त रहन सकेन भने राष्ट्रप्रमुख देखि सभामुखसम्म कोही विवादरहित रहन सकेन। सबै बिबादित बने। करिब दुई तिहाईको सरकार पनि पुरा अबधि टिक्न सकेन्। कारण थियो नेकपामा देखिएको विवाद। विवादले पछि विभाजनकै रुप लियो।संसदले आफ्नो पाँच वर्षे कार्यकाल पुरा गर्दा दुईवटा सरकार बने तर विकास र सुशासन कुनै सरकारले दिन सकेन्। जनताले सरकार छ भनेर अनुभुति समेत गर्न पाएनन्। दुवै सरकारले अध्यादेशकै सहरा लिएर शासन चलाए र सरकारको औपचारिकता मात्र पुरा गरे ।संविधान लागु भएको सात वर्ष र संसदको पाँच वर्षको अवधि प्रभावकारी हुन सकेन । भर्खरै सम्पन्न भएको र मतगणना जारी रहेको संसदीय निर्वाचनबाट कुनै पनि दलले बहुमत प्राप्त गर्न नसक्ने पक्का भएको छ। संसदको यो कार्यकालमा पनि थुप्रै बेथिति देखिनेछ साथै सत्ताका विकृत खेलहरु देख्न नेपाली जनता बाध्य हुनेछन। यस निर्वाचनमा सत्तस गठबन्धनले सोचे जस्तो गर्न नसक्दा , रास्वपाले आश्चर्यजनक नतिजा ल्याउने देखिएकोछ ।

त्यस्तै राप्रपा पनि फेरि एउटा सशक्त शक्तिको रुपमा संसदमा प्रवेश हर्ने निश्चित प्राय छ। अहिले मतदाताको आकर्षण रास्वपा र राप्रपा तिर बढनुको मुख्य कारण मुलधारका दलहरुले जनतातिर फर्किएर शासन गर्ननसक्नुनै हो । स्थानिय तहकै निर्वाचनबाट मतदाताले मुलधारका राजनीतिक दलहरुलाई सच्चिन प्रष्ट सन्देश दिएको थियो, तर मुलधारका दलहरु सच्चिन खोज्नुको सट्टा आफ्नो पुरानै शैलिलाई निरन्तरता दिए। परिणामस्वरुप अहिलेको अवस्था भोग्नु परेको हो, मुलधारका राजनीतिक दलहरुले। यी दलहरुले मतदाताको चाहनालाई बुझ्न सकेको वा बुझ्ने प्रयास मात्रै गरेको भएपनि अहिलेको मत परिणाम फरक हुन सक्थ्यो । करिब पाँच महिना अगाडि गठन भएको रास्वपा र करिब विलयको अवस्थामा पुगिसकेको राप्रपालाई मतदाताले यतिको विश्वास गरेर आममतदाताले मुलधारका दलहरुलाई एउटै सन्देश दिन खोजेका छन्।मतदान गरेर आफ्नो सन्देश दिई सकेका छन्, आममतदाताले। अहिलेको जनादेशको सन्देश लिएर सच्चिने कि पुरानै शैलीमा दलमा आफ्नो हैकम जमाएर बसि रहने, अबको पालो मुलधारका दलका शिर्ष नेताहरुको हो । अहिले आश्चर्यजनकरुपमा मतदाताको मत जित्न सफल भएका यी दुई दलको हाम्रो वर्तमान संविधानप्रतिनै मुख्य असन्तुष्टी रहेकोछात्यसमा पनि रास्वपाको सिद्वान्त र विचारनै प्रष्ट छैन्। यद्यपि संसदमा यी दलहरुले महत्वपुर्ण भुमिका रहेका छन्। यी दलहरुले चाहेमा संसदको यस कार्यकाललाई प्रभावकारी पनि बनाउन सक्छन्। अब यी दलहरु संसदमा कसरी प्रस्तुत हुन्छन् भने हेर्न बाँकी रहेको छ।

> *मुलधारका राजनीतिक दलका नेताहरुले पार्टिलाई प्राईभेट कम्पनिकारुपमा चलाए । नयाँ अनुहार जो कुशल एवं असल छन् ती पात्रहरुलाई नेतृत्वमा आउनै दिएका छैनन् । आम जनताको चाहना नयाँले मौका पाउन भने छ तर नेताले जहिल्यै पनि आफुलाई मात्र सक्षम ठाने अरुलाई असक्षम ठाने । नेतृत्वमा जहिल्यै पुरानै र पूर्वपरिक्षित अनुहारलाई देख्दा देख्दा आजित भैसकेका मतदाताहरुले यस निर्वाचनबाट मौन बिद्रोह गरेका छन् ।*

यतिको मतदाताले यी दुई दललाई पत्याएर काँग्रेस र एमालेको विकल्पनै खोजेका हुन भने कदापि होइन् । केवल मुलधारका दलहरुलाई सच्चिन अन्तिम मौका दिएको हो भनेर नेताहरुले बुझ्न जरुरी छ। अहिलेको निर्वाचनमा पनि मुलधारका दलहरुबाट पराजित हुने अधिकांशपात्र कुनै न कुनै दाग लागेका कि जनतालाई ढाट्ने, छल्ने , बढी बोल्ने र जनतातिर फर्केर पनि नहेर्नेहरु हुन। राजनीतिक ईमानदारित कायम राख्न सकेका प्राय पात्रहरुलाई अहिले पनि मतदाताले विश्वास गरेका छन्। भलै एकआध जित्नै पर्ने पात्रहरु पराजित भएका र पराजित हुनै पर्ने पात्रहरु निर्वाचन जितेका होलान । यी कुरा बेग्लै हुन् । मुलधारका राजनीतिक दलका नेताहरुले पार्टिलाई प्राईभेट कम्पनिकारुपमा चलाए। नयाँ अनुहार जो कुशल एवं असल छन् ती पात्रहरुलाई नेतृत्वमा आउनै दिएका छैनन्। आम जनताको चाहना नयाँले मौका पाउन भने छ तर नेताले जहिल्यै पनि आफुलाई मात्र सक्षम ठाने अरुलाई असक्षम ठाने। नेतृत्वमा जहिल्यै पुरानै र पूर्वपरिक्षित अनुहारलाई देख्दा देख्दा आजित भैसकेका मतदाताहरुले यस निर्वाचनबाट मौन बिद्रोह गरेका छन्। मतदाताको मौन बिद्रोह र अहिलेको जनादेशको सन्देश बुझेर मुलधारका राजनीतिक दलका नेताहरु सच्चिन अत्यावश्यक छानभए मुलधारका दलहरुको लागि यसपछिको निर्वाचन झन पिडादाई हुन सक्छ।

संसदको आउने कार्यकाल पनि त्यति सुखद हुनेमा विश्वास गर्न सकिने आधार यस निर्वाचनको मत परिणामले दिन सकेको छैन्। प्रमुख राजनीतिक दलहरुले प्रतिनिधिसभा तथा प्रदेशसभा जित्नका लागि सम्भव भए सम्मका चुनावी तालमेल गरे पनि यस पटक मूल राजनीतिक मुद्दाबिनै निर्वाचनमा होमिएका थिए। संविधान जारी भएपछि समृद्धी र स्थिरताको मूल नारा दिएका दलहरुले, जनतालाई सुशासन र सहज सेवा प्रवाह समेत दिन सकेका छैनन्। अहिले पनि जनताले खोजेको भनेको स्थिरता, समृद्धि , सुशासन, सहज सेवा प्रवाह र नेतृत्वमा नयाँ अनुहारनै हो। अहिले पनि मुलुकले स्थिरता पाउनेमा शंका नै छाबरु यो शंका झन बढेर आएको छा कुन दलको नेतृत्वमा सरकार गठन हुने भनेर पनि यकिनका साथ भन्न सकिने अवस्था छैनातर जुन दलले पनि सरकारको नेतृत्व गर्ने अवसर पाएपनि जनचाहना एवं जनादेश अनुसार अगाडि बढन सक्नु पर्छ। जनताको चाहना अनुसार दलहरुले नेतृत्वका लागि कुशल एवं असल नयाँ अनुहारलाई अगाडि सार्न सक्नु पर्छ। अहिलेको जनादेशको मुल सन्देश यहि नै हो ।

'२६/११मुम्बई हमलाको सम्झनामा'

# वैश्विक आतंकबाद र राष्ट्रिय सुरक्षाका चुनौतीहरु

अहिले वैश्विक समुदायको लागी सबै भन्दा चुनौतिको बिषय अर्न्राष्ट्रिय आतंकबाद बन्दै गएको छ । सन २०१५मा भएको पेरिस हमलाहोस वा २६ नम्बरमा भएको भयावह मुंबई हमला दुबै बैश्विक सुरक्षाको लागी ठुलो चुनौती हो ।किन कि, यो दुबै हमलाले एउटा सानो आत्मघाती टुकडीले पनि ठुल ठुला शहरहरुको सुरुक्षा व्यवस्थापनलाई हलाउन सक्छ भन्ने ठुलो सन्देश हो ।यो घटना घटाउने लश्कर-ए-तैयबालाइ दन्डित गर्ने वा जुनरुपमा प्रतिबन्ध लगाउनु हो त्यो अहिले सम्म भएको छैन । त्यसका मुख्यकारण हो पाकिस्तानको प्रत्यक्ष र चाइनाका अप्रत्यक्ष समर्थन । यो संगठनका प्रमुख र नेतृत्व बर्ग अहिले पनि खुलेआस पाकिस्तानमा घुमने गरेका छन् ।मुम्बई हमलामा भएको भयावह दुश्यलाई अहिले पनि समझिदा पुरा विश्वको मानस पटलमा नरसंहारको ठुलो दृश्य झझलको रुपमा स्थापिते छ ।मुम्बई प्रहरी र सुरक्षा एजेंसिहरुको सामूहिक प्रतिआक्रमणमा ९ जना पाकिस्तानी आतंकवादी मारिनुका साथैअजमल कसाब समातिए र पछि उनलाई फाँसी दिइयो ।

मुख्यरुपमा तिब्ररुपले बढिरहेको समाजिक संजालका कारण पुरै विश्वका युवा समाज गोलबन्द भइरहेको छ ।त्यसैको फायदा उठाउदै समाजिक संजालको माध्यमबाट विभिन्न जेहादी संगठनहरुद्धारा हिसांत्मक गतिविधिमा उत्प्रेरणा गर्ने विभिन्न अभियाना कतिपय देहादि संगठनहरु चलाइउदै आएका छन ।फलस्वरुप सामरिक सुरुक्षाको रुपमा दक्षिण एशियामा बढीरहेको कुटनैतिक ध्रुविकरणले गर्दा पनि भारतका नेपाल जस्ता छिमेकि मुलुकलाई सुरक्षा सजगतामा जोडदिन आवश्यक देखिन्छ। उइगुर समुदायमा चाइनाद्धारा चलाइएको धार्मिक निषेधीकरण र पाकिस्तानी गुप्चर संस्था आइ एस आइद्धारा प्रशिक्षीत लश्करे तोयवा जस्ता आतंकबादी संगठनहरुलाई दिइएको अनैतिक र कुटनैतिक समर्थनले पनि चिनको दुइमुखेनितिलाई उजागर गरेको देखिन्छ।

नेपाल र भारत बिचको सम्बन्ध विश्वमै अनौठो छ । ऐतिहासीक, बैबाहिक सम्बन्धमा आधारित र धार्मिक,सांस्कृतीक एवम भौगोलिक समान्नताले भरि पुर्ण विश्वमै खुला सिमाना भएको भारतको एक मात्र छिमेकि मुलुक नेपाल हो । नेपाल भारत बिच सदियौ देखि राटीबेटीको सम्बन्धले मित्रतालाई अझै प्रगाढ बनाएको छ । तर अहिले पुरै विश्वमाझ मुखर भइरहेको धार्मिक कट्टरमान्यता र सिद्धान्तलाई हिंसा एवम विध्वसंमा प्रतिपादित गर्ने अभियानले तिब्रता पाएको छ। फलस्वरुप भारत र नेपालका युवाहरुलाई अंतराष्ट्रिय आंतकवादी संगठनहरु विध्वंस जस्ता घटनामा आकर्षित गराउने काममा सफल हुदै आएका छन् । मोदीसत्तामा बढेको सुरक्षा सजगतालेधार्मिक अतिवादबाट प्रभावितवाह्य आतंकवादी संगठनहरु, भारतमा कतिपय ठूल्ला ठुला घटना घटाउने कार्यमा असफल भएपनि मुम्बइ जस्ता आतंबादी हमलाले एशियाको सुरक्षा चुनौतीलाई एतिहासकि बनाएकै हो । यसका साथैकतिपय घटनालाई कार्यान्वय गर्न विदेसी शक्तिहरु नेपालको भूमि प्रयोग गर्दै भारतमा आंतकारी घुसपैठ गराउदै आएका छन् ।गएको दशकको सबैभन्दा चर्चित आतंकको दृष्टान्त नै नोभेम्बर २६, २००८ को मुम्बई हमला हो। पाकिस्तानबाट डुंगामा आएका लस्कर ए तोयबा समूहसँग आबद्ध आतंकवादीले रेलवे स्टेशन, होटल, सामाजिक संस्था, सिनेमा हल, अस्पताल र रेस्टुरेन्टमा हमला गरेर १६४ जनाको ज्यान लिएका थिए।

पाकिस्तानी गुप्तचारी संस्था (आईएसआई) बाट निर्देशित लश्कर-ए-तोयबा भन्ने आतंककारी समूहहरुले मुम्बईको दुईवटा पाँचतारे होटल, नरिमन हाउस, सिएसटी रेलवे स्टेशन, र मेट्रो सिनेमा सहित १२ ठाउँलाई निशाना बनाएको थियो । तिब्रगतिमा परिवर्तीत विश्वको राजनैतिक ध्रुविकरणले दक्षिण एशियाका साना मुलुकहरुमा झन चुनौती थपिएको छ। कुनै पनि मुलुकाको राष्ट्रिय सुरक्षा वहुआयामिक विषय र दिगो शान्तिको आधारशीलामा आधारत पनि हुन्छ ।मुलुकमा वढिरको धार्मिक उन्माद,युवामा देखिएको अतिवाद ,छठ,दशै लगायत हिन्दुहरुका ठुलापर्वमा तराइका विभिन्न ठाउमा देखिएको हिंसक घटना तथा रौतहटमा भएको साधुको हत्यालगायतका अपराधीक घटनाहरु आउने दिनका ठुला सुरक्षा चुनौतीका'सुचक'हुन।

कुनै पनि मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डताको रक्षा एवं नागरिकहरु बीच पारस्परिक सद्भावको प्रवर्द्धन, मानव अधिकारको प्रत्याभूति, डर, त्रास र भय मुक्त जीवनको सुनिश्चितता नै राष्ट्रिय सुरक्षाको आधारहरु हुन । परम्परागत अवधारणा अनुसार वाह्य आक्रमणबाट मुलुकको भौगोलिक सीमा र सार्वभौमसत्ताको रक्षा एवं नागरिकको जिउ धनको सुरक्षा नै राष्ट्रिय सुरक्षा पनि हो । सन् १९७० को दशकमा राष्ट्रिय सुरक्षाको मानव केन्द्रित अवधारणाको विकास भएको पाइन्छ । मानव सुरक्षा व्यक्तिको भौतिक र मनोवैज्ञानिक पक्षको सुरक्षासँग सम्वन्धित छ।

**राष्ट्रिय सुरक्षाका क्षेत्रहरु**

राष्ट्रलाई वाह्य आक्रमणबाट प्रतिरक्षा गर्ने र राष्ट्रको भौगोलिक अखण्डता र सार्वभौमसत्ताको संरक्षण गर्ने सवालमा सैन्य सुरक्षा नै महत्वपूर्ण हुन्छ । तथापि, मुलुकको आन्तरिक सुरक्षाकोसुदृढीकरण बिना समग्र राष्ट्रिय सुरक्षा व्यवस्थाको दिगोपनाको सुनिश्चितता कायम गर्न सकिदैन । तसर्थ राष्ट्रिय सुरक्षाका क्षेत्र अन्तर्गत सैन्य सुरक्षाका अतिरिक्त मानव सुरक्षाका आर्थिक, सामाजिक, राजनीतिक, कुटनीतिक, वातावरणीय लगायत खाद्य एवं ऊर्जा सुरक्षाका क्षेत्र समेत पर्दछन् । सारांशमा भन्ने हो भने,सैन्य सुरक्षा,सीमा सुरक्षा ,आन्तरिक सुरुक्षा(प्रहरी सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग),आर्थिक सुरक्षा, सामाजिक सुरक्षा, राजनीतिक सुरक्षा, वतावरणीय सुरक्षा, खाद्य सुरक्षा,ऊर्जा सुरक्षा लगायतका बिषय रहेका छन् ।

**नेपालको राष्ट्रिय सुरक्षा व्यवस्थापन**

नेपाल एकिकरण पश्चात पृथ्वीनारायण शाहको दिव्योपदेशलाई शिरोधार्य गरेर नेपालको राष्ट्रिय सुक्षा नीति अवलम्बन गरिएको थियो । वि.सं. २०४२ मा राष्ट्रिय मूल नीति २०४२ निर्माण गरी राष्ट्रिय सुरक्षा व्यवस्थापन गरियो । २०४७ सालको संविधानमा पहिलो पटक संवैधानिक रुपमा राष्ट्रिय सुरक्षा परिषद् रहने व्यवस्था गरी २०५८ सालमा राष्ट्रिय सुरक्षा परिषद् को सचिवालय स्थापना गरिएको थियो । हाल राष्ट्रिय सुरक्षा नीति, २०७३ जारी गरिएको छ। उक्त नीतिले नेपालको राष्ट्रियता र हितको सुरक्षा, नागरिक स्वतन्त्रताको सुरक्षा, आर्थिक सुरक्षा, राज्य व्यवस्थाको सुरक्षा, विज्ञान, प्रविधि र सूचनाको सुरक्षा एवं पर्यावरणीय सुरक्षालाई प्राथमिकतामा राखेको छ । नेपालको राष्ट्रिय सुरक्षा संयुक्त राष्ट्र संघको बडापत्र, पञ्चशीलको सिद्धान्त र अन्तर्राष्ट्रिय सन्धी सम्झौताबाट निर्देशित रहेको छ।

**साझा र प्रमुख चुनौतीहरु**

लागु औषध उत्पादन, उपयोग र ओसारपसार नियन्त्रण, विद्युतीय अपराध( साइबर अपराध) नियन्त्रण, साम्प्रदायिक द्वन्दको नियन्त्रण, औद्योगिक सुरक्षा, गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चितता समेत राष्ट्रिय सुरक्षाका क्षेत्र अन्तर्गत पर्दछन । सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप, शरणार्थी व्यवस्थापन, अध्यागमन नियमन, लागुऔषध नियन्त्रण, मानव बेचविखन नियन्त्रण, सम्पत्ती शुद्धिकरण नियन्त्रण, वित्तीय अपराध, विद्युतीय अपराधको नियन्त्रण, पर्याप्त ऊर्जाको उपभोगको सुनिश्चितता, गरिबी र भोकको उन्मूलन, संगठित अपराधको नियन्त्रण लगायतका सुरक्षा चुनौतीहरु विद्यमान छन।

**भविष्यका सम्भावित चुनौतीहरु**

वैश्विक राजनीतिको परिवर्तित ध्रुविकरण एशियामा केन्द्रित हुँदै गईरहेको छ । यस सन्दर्भमा सुरक्षा चुनौती बढने सम्भावनालाई नकार्न सकिदैन । अफगानिस्तानमा आंतकवादि संगठनले नै चलाएको सत्तामा देखिएको धार्मिक पकड र त्यको परिणाम स्वरुप भइरहको महिला हिसां राज्यमाथि कब्जा गरेकोले पुरा विश्व चिन्तित छ । सन् १९९९ डिसेम्बर २४ को अपराह्ण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिल्लीका लागि उडेको इन्डियन एयरलाइन्सको विमान अपहरण,काठमान्डु स्थित पाकिस्तानी दुतावासका कर्मचारीद्धारा नियोजित रितिक रोशन कान्ड जस्ता घटनाहरु दुबै देशको मित्रतालाई बदना गराउने नियोजित आतंकारी प्रयास नै हो । पोखराबाट भटकल र राजधानी काठमान्डौबाट टुन्डा जस्ता आतंवादी पक्राउ पर्नु र पाकिस्तानको गुप्चर संस्था आइ एस आईबाट नियोजित आदापुर–छौडादानोमा रेल उडाउने योजना बारा जिल्लाको भूमिबाट समसुल होदा समुहले घटाउन खोज्नु सुरक्षाको लागि देखिको चुनौतीका बिषयको रुपमा हेर्नुपर्छ । यसबाहेक देशमा चलीरहेको धार्मिक अतिवाद र मदर्सा मस्जिदमा विदेशी लगानीको आइरो, अन्तर्राष्ट्रिय अपराधिक संजालको पकड सुक्ष्म रुपमाबढदै जानु लगायतका गतिविधिले पनि सुरक्षा निकायलाई अवश्यकनै संवेदनशिल बनाएकै हो । अन्तर्राष्ट्रिय आतंवादलाई मलजल दिने नेपालमा चलिरहेका विभिन्न गतिविधिहरु :–

१. नेपालमा कुनै पनि देशको नागरिक सहजै आउने चलन बढेको छ । त्यसमाथि खुला सिमाना र कमजोर सुरक्षा व्यवस्थाका कारण बेला बेलामा घुसपैठ हुने गरेको छ ।
२. भारतको लागिआंतकवादी चुनौतीको रूपमा रहेको देश पाकिस्तानले नेपाली भूमि, नाका मार्फत भारतविरोधी कार्य गर्न नेपालका विभिन्न धार्मिक तथा आपराधिक संगनहरुलाई प्रयोग गर्नु ।
३. आतंकवादलाई अन्तर्राष्ट्रिय संजालको माध्यमबाट मलजल पुर्‍याउने हुण्डीको कारोबार, हतियार ओसार पसार, भारतीय जालीनोटको कारोबार, सुन तस्करी, लागुपर्दाथ जस्तै अफिम, चरेश, स्मैकको ओसार पसार एवं मानव तस्करी ,जगंलीजनावरहरुका बहुमुल्य अंग, प्रतिअंगको कारोबार लगायतकाबस्तुहरुकोअवैध कारोवारमा बढोत्तरी हुनु ।
४. म्यानमारको रोहिंग्या, बङ्गलादेशी, अफगानिस्तानी, लगायत आतंकवाद प्रभावित मुलुकबाट अनाधिकृत रूपमा शरणार्थी वा धार्मिक आवरणमा बढेको नेपालमा घुसपैठ र प्रवेश हुनु ।



अनिल तिवारी

५. धार्मिक अतिवाद वाढावाका लागि अप्रत्यासित रुपमा बढिरहेका वैदेशिक लगानीमा सञ्चालित सामाजिक संस्थाहरुमा आएको अप्रत्याशित बढोत्तरीले पनि राष्ट्रिय सुरक्षा चुनौती बढाएको देखिन्छ ।
६. फेसबुक, ट्वीटर जस्ता संजालबाट नेपाली युवालाई दिगभ्रमित पार्ने अभियान योजनागत रुपमा संचालन हुनु । लभ जेहाद र नवीनतम प्रविधि, साइबर अपराध, विश्वव्यापीकरण आदि विषयहरू समेत आउँदो दशकमा नेपालका लागि प्रमुख सुरक्षा चुनौतीका रूपमा अगाडि आउने निश्चित नै छन् ।
७. आउने सबैभन्दा ठूलो चुनौती हिन्दु युवाहरुलाई धर्म परिवर्तन गराएर धार्मिक अतिवादमा ढकेलिनु पनि हो,लगभग २सय भन्दा बढी नेपाली युवाहरु मुस्ली धर्मान्तर गरेर मुस्लीम बनेका छन ।

राष्ट्रिय सुरक्षा सरकार, सुरक्षा निकायको चासोको विषय मात्र नभई प्रतिपक्षसहित सम्पूर्ण नेपाली जनताको चासोको विषय हो । नेपालको भौगोलिक अवस्थितिले गर्दा पनि यसको सवालमा सम्पूर्ण नेपाली एकमत हुनुपर्ने बाध्यात्मक परिस्थिति रहेको छ । अन्यथा हाम्रो राष्ट्रिय सुरक्षा धरापमा पर्न सक्ने खतरा छ ।राजनीतिक समझदारीको विकास, राष्ट्रिय स्वार्थको विषयम साझा राजनीतिक दृष्टिकोण तथा स्रोत साधनको समन्यायिक वितरण र विद्यमान विविधताको व्यवस्थापन मार्फत राष्ट्रिय एकताको प्रवर्द्धनले नै राष्ट्रिय सुरक्षाको चुनौतीहरुलाई परास्त गर्न सकिन्छ ।

# तीन जिल्लाको मतगणनाबारे छिट्टै निर्णय हुन्छ : प्रवक्ता शर्मा

काठमाण्डु। निर्वाचन आयोगले यही मङ्सिर ४ मा मतदान सम्पन्न भएका दोलखा, बाजुरा र स्याङ्जामा मतगणनाका विषयमा छिट्टै निर्णय लिने जानकारी दिएको छ।

आयोगले तीन जिल्लामा अध्ययनका लागि टोली पठाएको र टोलीले अध्ययन प्रतिवेदन बुझाएपछि निर्णय लिएर अघि बढ्ने बताएको हो । दोलखा, बाजुरा र स्याङ्जाको हकमा आयोगले छिट्टै निर्णय गर्छ, त्यसका लागि केही आवश्यक प्रक्रिया पूरा गर्नुपर्छ', आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले भन्नुभयो, "यी क्षेत्रमा अध्ययनका लागि आयोगले टोली खटाएको छ, टोलीको प्रतिवेदनपछि आयोगले निर्णय गर्छ।'

दोखला र स्याङ्जामा राजनीतिक दलबीचको विवादका कारण मतगणना सुरु हुन सकेको छैन भने बाजुराको बूढीनन्दा नगरपालिका-५ मा शनिबार पुनःमतदान भए पनि राजनीतिक दलबीच विवाद कायमै रहँदा मतगणना सुरु हुन नसकेको हो ।

आयोगका अनुसार हालसम्म प्रतिनिधिसभा सदस्यका लागि १६५ क्षेत्रमध्ये १५७ क्षेत्रको नतिजा आइसकेको छ। यी तीन निर्वाचन क्षेत्रबाहेक पाँच क्षेत्रमा भने मतगणना जारी छ ।रासस

# बागमती प्रदेशसभामा माओवादीका युवा अनुहार

काठमाण्डु । बागमती प्रदेशसभामा नेकपा (माओवादी केन्द्र)का अधिकांश युवा निर्वाचित भएका छन्। गत आइतबार भएको उक्त निर्वाचनअन्तर्गत बागमती प्रदेशमा माओवादीका १४ उम्मेदवार निर्वाचित भएका हुन्।

माओवादीबाट निर्वाचित अधिकांश प्रदेशसभा सांसद ५० वर्ष कम उमेरका छन् । रामेछाप निर्वाचन क्षेत्र नं १ (१) बाट ५० वर्षीय तारानारायण श्रेष्ठ र १ (२) बाट ४४ वर्षीय युवराज चौलागाईं, सिन्धुली १ (१) बाट ४७ वर्षीय मातृकाप्रसाद भट्टराई, सिन्धुली २ (२) बाट ५२ वर्षीय गङ्गानारायण श्रेष्ठ, रसुवा १ (२) बाट ५१ वर्षीय इन्द्रप्रसाद गोतामे, नुवाकोट १ (१) बाट ३९ वर्षीय राधिका तामाङ र नुवाकोट २ (१) बाट ७२ वर्षीय रामप्रसाद ढुङ्गाना निर्वाचित हुनुभएको छ।

काभ्रेपलाञ्चोक १ (१) बाट ४१ वर्षीय रत्नप्रसाद ढकाल, सिन्धुपाल्चोक १ (२) बाट ४१ वर्षीय सरल सहयात्री पौडेल, सिन्धुपाल्चोक २ (१) बाट ३९ वर्षीय युवराज दुलाल, मकवानपुर २ (१) बाट ४२ वर्षीय कुमारी मुक्तान, मकवानपुर १ (१) बाट ४९ वर्षीय प्रेमबहादुर पुलामी, चितवन (२) बाट ६७ वर्षीय ठाकुरप्रसाद ढकाल, धादिङ १ (२) बाट ५१ वर्षीय शालिकराम जम्मकट्टेल विजयी हुनुभएको छ।

जम्मकट्टेल हाल बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना र ढकाल युवा तथा खेलकूदमन्त्री र तामाङ बागमती प्रदेशको उपसभामुख हुनुहुन्छ । दुलाल यसअघि बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री हुनुहुन्थ्यो । सरल सहयात्री माओवादीको बागमती प्रदेशको अध्यक्ष हुनुहुन्छ।

माओवादीबाट बागमती प्रदेशसभामा उम्मेदवार बनेका चार नेता पराजित भएका छन्। धादिङ क्षेत्र नं १ (१) बाट जगतबहादुर सित्त डा, चितवन २ (१) बाट घनश्याम दाहाल, ललितपुर १ (१) बाट हरि दाहाल र ललितपुर ३ (१) बाट राजकाजी महर्जन पराजित हुनुभएको हो ।रासस

# प्रत्यक्षतर्फ १५७ सिटको टुङ्गो लाग्यो, कांग्रेसको अग्रता कायमै



काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा नेपाली कांग्रेसको अग्रता कायमै छ । निर्वाचन आयोगका अनुसार आइतवार साँझ ७ बजेसम्म प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ एक सय ६५ सिटमध्ये एक सय ५७ क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ।

प्राप्त मतपरिणामअनुसार हालसम्म नेपाली कांग्रेस ५३, नेकपा (एमाले) ४२, नेकपा (माओवादी केन्द्र) १७, नेकपा (एकीकृत समाजवादी) १० क्षेत्रमा विजयी भएका छन् । साथै, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी समान सात, जनता समाजवादी पार्टी छ, लोकतान्त्रिक समाजवादी पार्टी चार, नागरिक उन्मुक्ति पार्टी तीन, नेमकिपा एक, राष्ट्रिय जनमोर्चा एक र जनमत पार्टीले एक सिट जितेको छ। त्यसैगरी पाँच जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन्।

आयोगका अनुसार तीन वटा जिल्ला दोलखा, बाजुरा र स्याङ्जामा मतगणना सुरु हुन सकेको छैन । बाजुरामा शनिबार पुनः मतदान भएको छ भने दोलखाका केही मतदान केन्द्रमा मङ्सिर १५ गतेभित्र पुनः मतदान गर्ने निर्णय गरेको छ।

**क-कस्ले जिते ?**

कांग्रेसबाट प्रधानमन्त्री तथा कांग्रेसका सभापति शेरबहादु देउवा, योगेश शेरचन, टेकबहादुर गुरुङ, प्रकाशमान सिंह, सन्तोष चालिसे, गगनकुमार थापा, प्रदीप पौडेल, मोहन आचार्य, उदय शमशेर जबरा, शंकर भण्डारी, राजेन्द्रकुमार केसी निर्वाचित हुनुभएको छ।

साथै, कांग्रेसका रमेशकुमार रिजाल, हृदयराम थानी, रामहरि खतिवडा, विश्वप्रकाश शर्मा, अजयकुमार चौरसिया, राजेन्द्र बजगाँई, खमबहादुर गर्बुजा, पुष्पबहादुर शाह, वीरबहादुर बलायर, दिलेन्द्र प्रसाद बडू, रमेश लेखक, एनपी साउँद, दिक्पालकुमार शाही, दुर्लभ थापा, शशांक कोइराला, रामचन्द्र पौडेल, किशोरसिंह राठोर, देवप्रकाश तिमल्सिना, दिनेश कुमार यादव, राम नाथ अधिकारी, पूर्णबहादुर खड्का पनि निर्वाचित हुनुभएको छ।

आयोगका अनुसार कांग्रेसका विष्णु कुमार कार्की, श्यामकुमार घिमिरे, दीपक गिरी, सञ्जय गौतम, विनोद चौधरी, रामकृष्ण यादव, मोहनबहादुर बस्नेत, शेखर कोइराला, डिल्लीराज पन्त, चन्द्रकान्त भण्डारी, राजु थापा, दीपक खड्का, सुरेन्द्र राज आचार्य, सीता गुरूङ, सुनिलकुमार शर्मा, अर्जुननरसिंह केसी, तेजुलाल चौधरी, ऐनबहादुर शाही, महेन्द्रकुमार राय, डिगबहादुर लिम्बू, पूर्णबहादुर तामाङ पनि निर्वाचित हुनुभएको छ।

त्यसैगरी नेकपा (एमाले)बाट अम्बरबहादुर रायमाझी, कृष्णगोपाल श्रेष्ठ, प्रेमबहादुर महर्जन, गोकर्ण विष्ट, देवराज घिमिरे, केपी शर्मा ओली, योगेश भट्टराई, राजकुमार गुप्ता, टोपबहादुर रायमाझी, सूर्य थापा, पृथ्वीसुब्बा गुरुङ, महेश बर्तौला, मानवीर राई, पदम गिरी, लालप्रसाद साँवा लिम्बु, बासुदेव घिमिरे, राजेन्द्रकुमार राई निर्वाचित हुनुभएको छ।

आयोगका अनुसार एमालेका विद्या भट्टराई, सूर्य प्रसाद ढकाल, राम शंकर यादव, दामोदर भण्डारी, तारा लामा तामाङ, बलराम अधिकारी, वसन्तकुमार नेम्वाङ, दामोदर पौडेल 'वैरागी', हरिप्रसाद उप्रेती, ज्वालाकुमारी साह, अच्युतप्रसाद मैनाली, जुली महतो, मनबहादुर गुरूङ पनि निर्वाचित भइसक्नुभएको छ।

त्यसैगरी लीलानाथ श्रेष्ठ, ठाकुरप्रसाद गैरे, ऋषिकेश पोखरेल, मंगलप्रसाद गुप्ता, विष्णु पौडेल, गोकुल बाँस्कोटा, नारायणप्रसाद आचार्य, छविलाल विश्वकर्मा, भीम आचार्य, सुवास नेम्वाङ, लक्ष्मी महतो कोइरी र महेश बस्नेत निर्वाचित हुनुभएको छ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेता जनार्दन शर्मा, वर्षमान पुन, देवेन्द्र पौडेल, शक्तिबहादुर बस्नेत, सुदन किराती, माधव सापकोटा, अमनलाल मोदी, हितबहादुर तामाङ, रामकुमार राई, लेखनाथ दाहाल, रेखा शर्मा, पूर्णबहादुर घर्ती, महिन्द्रराय यादव, सूर्यप्रसाद तामाङ(दोङ), छिरिङ डम्बुल लामा (भोटे) र महेन्द्रबहादुर शाही विजयी हुनुभएको छ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राजेन्द्रप्रसाद पाण्डे, धनबहादुर बुढा, अम्बरबहादुर थापा, कृष्णकुमार श्रेष्ठ, शेरबहादुर कुँवर, प्रकाश ज्वाला, मेटमणि चौधरी, प्रेमबहादुर आले र भानुभक्त जोशी विजयी हुनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने, सोविता गौतम, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, हरि ढकाल, शिशिर खनाल र तोसिमा कार्की निर्वाचित हुनुभएको छ । जनता समाजवादी पार्टी (जसपा)का प्रदीप यादव, नवलकिशोर साह सुडी, दीपक कार्की, राम सहायक प्रसाद यादव, राजकिशोर यादव र बीरेन्द्रप्रसाद महतो निर्वाचित हुनुभएको छ।

राप्रपाका राजेन्द्र लिङ्देन, विक्रम पाण्डे, धवलशमशेर राणा, दीपकबहादुर सिंह, ध्रुवबहादुर प्रधान, दीपक बोहोरा र ज्ञानेन्द्रबहादुर शाही निर्वाचित हुनुभएको छ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर, सर्वेन्द्रनाथ शुक्ला, शरतसिंह भण्डारी र रामप्रकाश चौधरी विजयी हुनुभएको छ।

राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवाल एवं जनमत पार्टीका चन्द्रकान्त राउत निर्वाचित हुनुभएको छ । स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल, प्रभू साह, किरणकुमार साह, अमरेशकुमार सिंह र लालवीर चौधरी निर्वाचित हुनुभएको आयोगले जनाएको छ ।रासस

# निवर्तमान ६० सांसद पराजित



काठमाण्डु । अघिल्लो प्रतिनिधिसभामा रहेका ६० भन्दाबढी निवर्तमान सांसद प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित हुनुभएको छ।

संसदीय राजनीतिमा लामो अनुभव रहे तापनि निर्वाचन परिणामले पार्टीको माथिल्लो तहको जिम्मेवारीमै रहनुभएका मुख्य नेतालाई सदनबाहिर रहन बाध्य तुल्याएको छ । संसद्मा यसपटक प्रवेश गर्न नपाउनेमा कतिपय पार्टीका अध्यक्ष, उपाध्यक्ष, महासचिव तथा प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत हुनुहुन्छ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो, नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, महासचिव शङ्कर पोखरेल र उपमहासचिव प्रदीपकुमार ज्ञवाली निर्वाचनमा पराजित हुनुभयो।

नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवद्वय गिरिराजमणि पोखरेल र पम्फा भुसाल तथा पूर्वमुख्यमन्त्री शेरधन राईलाई प्रतिनिधिसभाको यस निर्वाचन अफापसिद्ध रह्यो । नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का कार्यकारिणी समिति सदस्य अनिलकुमार झा तथा गृहमन्त्री बालकृष्ण खाण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री र युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज, विनाविभागीय राज्यमन्त्री उमेश श्रेष्ठ पनि निर्वाचनमा पराजित हुनुभयो।

पूर्वसभामुख ओनसरी घर्ती, पूर्वउपसभामुख पुष्पा भुसाल गौतम तथा राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलका लागि पनि यसपटकको निर्वाचन फलदायी हुन सकेन । अघिल्लो प्रतिनिधिसभा सदस्य अञ्जना विशङ्खे, अभिषेकप्रताप शाह, कृष्णकुमार राई, कृष्णभक्त पोखरेल, गणेश ठगुन्ना, गौरीशङ्कर चौधरी, गङ्गा चौधरी (सत्गौवा), घनश्याम भुसाल, चक्रपाणी खनाल, चित्रलेखा यादव, झपटबहादुर रावललाई निर्वाचन परिणामले निरासा तुल्यायो।

निवर्तमान सांसद देवेन्द्रराज कँडेल नवराज सिलवाल, निरुदेवी पाल, प्रमोद साह, बृजेशकुमार गुप्ता, भरतकुमार शाह, भानुभक्त ढकाल, भीमसेनदास प्रधान, भूमिप्रसाद त्रिपाठी र महेश्वर बस्नेतका लागि निर्वाचन फलामको च्यूरा बन्यो।

अघिल्लो प्रतिनिधिसभामा रहनुभएका मातृकाप्रसाद यादव, मोहम्मद इस्तियाक राई, यज्ञराज सुनुवार, रघुवीर महासेठ, राजेन्द्रप्रसाद गौतम, राजेन्द्रप्रसाद श्रेष्ठ, रामकुमारी झाँक्री, रामवीर मानन्धरलाई पनि निर्वाचन कष्टप्रद रह्यो । जनता प्रगतिशील पार्टी नेपालका हृदयेश त्रिपाठीलाई पनि यस निर्वाचनले सदन प्रवेशमा धक्का लगायो । पूर्वमन्त्री लक्ष्मणलाल कर्ण, लालबाबु पण्डित, सुजाता कोइराला, लेखराज भट्ट, विजयकुमार गच्छदार, बीना मगर, विरोध खतिवडा, सोमप्रसाद पाण्डेय, शेरबहादुर तामाङ तथा पूर्वसांसदहरू विजय सुब्बा, विशाल भट्टराई सूर्यप्रसाद पाठक र कोमल वलीका लागि पनि यो निर्वाचन बाधक रहन पुग्यो।

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ । प्रतिनिधिसभातर्फ हालसम्म एक सय ५६ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भएको छ। निर्वाचन आयोगका अनुसार हालसम्म कांग्रेसले ५३ स्थानमा जित निकाल्दै आफ्नो अग्रता कायमै राखेको छ। एमाले ४१, माओवादी केन्द्र १७, एकीकृत समाजवादी १०, राष्ट्रिय स्वतन्त्र पार्टी सात, जसपा छ, स्वतन्त्र पाँच, लोसपा पाँच र नागरिक उन्मुक्ति पार्टी तीन स्थानमा विजयी भएको छ।रासस

# माओवादी केन्द्रलाई समानुपातिकतर्फ १० लाख मत

काठमाण्डु। नेकपा (माओवादी केन्द्र)ले समानुपातिकतर्फ १० लाख पाँच हजार छ सय ७९ मत प्राप्त गरेको छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनअन्तर्गत समानुपातिकतर्फ हालसम्म ८७ लाख ७४ हजार छ सय ६१ मतगणना सम्पन्न भएको छ।

जारी मतगणनामा नेकपा (एमाले) २४ लाख १३ हजार दुई सय २२ मत प्राप्त गरी पहिलो स्थानमा छ। दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले २२ लाख ९४ हजार नौ सय ८३ मत प्राप्त गरेको छ। आइतवार अपराह्न तीन बजेसम्मको विवरणअनुसार समानुपातिकतर्फको मतमा माओवादी केन्द्र तेस्रो स्थानमा छ।

चौथो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले नौ लाख ८३ हजार पाँच सय २२ मत प्राप्त गरेको छ। पाँचौं स्थानमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख १३ हजार नौ सय ११, छैटौं स्थानमा रहेको जनता समाजवादी पार्टीले तीन लाख चार सय ४९ र सातौं स्थानमा रहेको नेकपा (एकीकृत समाजवादी)ले दुई लाख ३५ हजार तीन सय ७५ मत प्राप्त गरेको छ।

यस्तै जनमत पार्टीले दुई लाख ३४ हजार एक सय २७, नागरिक उन्मुक्ति पार्टीले दुई लाख दुई हजार ७९, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख २२ हजार पाँच सय ५७, नेपाल मजदुर किसान पार्टीले ७० हजार तीन सय ७१, हाम्रो नेपाली पार्टीले ४९ हजार छ सय २७, मङ्गोल नेशनल अर्गनाइजेशनले ४४ हजार दुई सय आठ र राष्ट्रिय जनमोर्चाले ४३ हजार नौ सय २६ मत प्राप्त गरेको छ।

समानुपातिक निर्वाचन प्रणालीमा सहभागी भएका कूल ४७ राजनीतिक दलमध्ये अन्तिम स्थानमा रहेको नेश्नलिष्ट पिपल्स पार्टीले एक हजार पाँच सय चार मत प्राप्त गरेको छ।रासस

# विश्वविद्यालय विशिष्टिकृत हुनुपर्छ : मन्त्री पौडेल

बनेपा। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले देशभित्रै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनुपर्ने जनताको अधिकार स्थापित गर्नुपर्ने बताउनुभएको छ। विश्वविद्यालयहरू विशिष्टिकृत हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले गुणस्तरीय शिक्षा पाउने अधिकारबाट कसैलाई पनि वञ्चित गर्न नहुने बताउनुभयो।

काभ्रेपलाञ्चोकको धुलिखेलमा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा निर्माण गरिएको 'वातावरण भवन' को आज उद्घाटन गर्दै मन्त्री पौडेलले काठमाडौँ विश्वविद्यालय प्राविधिक क्षेत्रको विषयमा अरु विश्वविद्यालयमध्येमा उदाहरणीय बन्दै गएको बताउनुभयो।

विश्वव्यापीकरणको युगमा इच्छाएको देशमा गएर अध्ययन गर्न पाउनु स्वभाविक भए पनि नागरिकले पढ्न चाहेको शिक्षा देशभित्रैबाट प्राप्त गर्न पाउने वातावरण विश्वविद्यालयहरुले बनाउनुपर्नेमा उहाँको जोड थियो। "नागरिकले चाहेको शिक्षा देशभित्र नै प्राप्त हुनुपर्छ, त्यस्तो शिक्षा प्रदान गर्नु विश्वविद्यालयको दायित्व हो', उहाँले भन्नुभयो, "राज्यले तोकेको प्रक्षेपणअनुसार कुन प्रकृतिको जनशक्ति कति उत्पादन गर्ने भन्ने विवरण विश्वविद्यालयहरुले निर्धारण गर्नुपर्छ।'

विश्वविद्यालय खुल्दै जाने र पुरानै खालको विषय बढाउँदै जाने हो भने सङ्ख्या मात्रै थपिन्छ तर सङ्ख्याभन्दा पनि गुणस्तरमा जोड दिन उहाँले आग्रह गर्नुभयो। मन्त्री पौडेलले प्रदेशलाई पनि संविधानले दिएको अधिकारअनुसार विश्वविद्यालयहरु खोल्ने मान्यता दिएको बताउनुभयो।

# मोरङ-१ मा कांग्रेसका लिम्बू विजयी

विराटनगर । मोरङको प्रतिनिधिसभा क्षेत्र नं १ मा नेपाली कांग्रेसका डिगबहादुर लिम्बू विजयी हुनुभएको छ । नेकपा एमालेका घनश्याम खतिवडालाई पराजित गर्दै लिम्बू विजयी हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

निर्वाचन कार्यालयले शनिबार साझ घोषणा गरेको अन्तिम मतपरिणाममा विजयी लिम्वूले २५ हजार सात सय ९४ मत ल्याउदा खतिवडाले २५ हजार चार सय ६९ मत प्राप्त गर्नुभएको थियो।

विसं २०७४ को निर्वाचनमा खतिवडाले लिम्बूलाई पराजित गर्नुभएको थियो भने २०७० मा लिम्बूले खतिवडालाई पराजित गर्नुभएको थियो।

यस्तै प्रदेशसभा १(१) तर्फ नेकपा एमालेका उमाकान्त गौतमले लोकतान्त्रिक वामगठबन्धनका तर्फबाट माओवादीका उम्मेदवार कुशल साम्वालाई तीन हजार पाँच सय २७ मतलेपछि पार्दै विजयी हासिल गर्नुभएको छ । भने एमालेका गौतमले १३ हजार पाँच सय ३१ र साम्वाले १० हजार चार मत प्राप्त गर्नुभएको थियो।

यस्तै प्रदेश १(२) मा पनि नेकपा एमालेका खड्गबहादुर बस्नेतले लोकतान्त्रिक वामगठबन्धनका एकीकृत समाजवादीका उम्मेदवार उपेन्द्रप्रसाद घिमिरेलाई ६ सय ७६ मतले पछि पार्दै विजयी हासिल गर्नुभएको छ। एमालेका बस्नेतले १४ हजार पाँच सय ३९ मत प्राप्त गर्नुभएको छ।रासस


मधेश प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

जनकपुरधाम, धनुषा, नेपाल

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्वन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/८/१२ (28 Nov2022)

यस आपूर्ति केन्द्रवाट प्रकाशित 1S2E विधि बमोजिम तपसिल अनुसारका ठेक्काहरुको आर्थिक प्रस्ताव तपसिल अनुसारको स्थान, मिति र समयमा खोलिने भएको हुदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | प्राविधिक प्रस्तावबाट छनौट भएका वोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| 1 | MP/PHLMC/NCB/ GOODS-15/2079-80 | 1) Nikki Pharma Distributor, Dharan<br>2) G.H. Medihealth Concern Pvt. Ltd. Bhaktpur<br>3) Him Sagar Medical Hall, Pokhara, Kaski<br>4) Revachi International Pvt. Ltd. Kathmandu<br>5) Lav Medical Hall, Jaleshwor-4, Mahottari<br>6) Chirag Pharmacy Pvt. Ltd., kaski | प्रदेश स्वास्थ्यआपुर्ति व्यवस्थापन केन्द्र, जनकपुरधाम मितिः २०७९।८।१९गते समय:दिनको २:०० वजे |
| 2 | MP/PHLMC/NCB/ GOODS-16.1/2079/80 (Package-I) | 1) Blue Moon MeditechPharma, Gairedhara, Kathmandu.<br>2) G.H. Medihealth concern Pvt. Ltd. Bhaktpur<br>3) Sumita Medicine Distributors, Kathmandu | |
| 3 | MP/PHLMC/NCB/ GOODS-16.2/2079/80 (Package-II) | 1) AmanPharma, Jhapa<br>2) G.H. Medihealth Concern Pvt. Ltd. Bhaktpur<br>3) Sumita Medicine Distributors, Kathmandu<br>4) Moon Light Traders, Kathmandu<br>5) Nikki Distributors, Dharan | |

निर्देशक

प्र.स्वा. आ. व्यवस्थापन केन्द्र

जनकपुरधाम

# पाकिस्तानका पूर्व प्रधानमन्त्री खानद्वारा आफ्नो पार्टीले सबै विधानसभा छोड्ने घोषणा

**एपी**

इस्लामावाद । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले आफ्नो पार्टीले देशको क्षेत्रीय र बिधान सभाबाट बाहिरिने घोषणा गर्नुभएको छ।

विश्व प्रसिद्ध पूर्व क्रिकेट खेलाडीबाट पाकिस्तानी राजनीतिमा आएका खान संसदमा अविश्वासको प्रस्ताव पारित भएपछि गत अप्रिलमा पदच्युत हुनुभएको थियो।

उहाँको दल अहिले प्रतिपक्षमा छ। उहाँले विदेशी शक्तिको सहयोगमा प्रधानमन्त्री शाहबाज सरिफले आफूलाई पदच्युत गर्नु गैरकानुनी र योजनाबद्ध भएको दाबी गर्दै मध्यावधी निर्वाचनको माग गर्दै आउनुभएको छ। यद्यपि खानले विदेशी शक्ति भनेर सङ्केत गरेको अमेरिका र वर्तमान् प्रधानमन्त्री सरिफले उक्त आरोपको खण्डन गर्दै आएका छन्। वर्तमान् सरकारले अर्को निर्वाचन सन् २०२३ मा तोकिएकै मितिमा हुने बताएको छ।



खानले गत महिनाको अन्त्यतिर पूर्वी शहर लाहोरबाट इस्लामावादतर्फ विरोध प्रदर्शन शुरू गर्नुभएको थियो। विरोध अभियानका क्रममा केही हप्ता पहिले उहाँको गाडीलाई लक्षित गरी गोली चलाउँदा घाइते भएपछि खानले व्यक्तिगत रूपमा अभियानको नेतृत्व गर्न असमर्थ बन्नुभएको थियो। उक्त आक्रमणमा खानका एक समर्थकको मृत्यु भएको थियो भने १३ जना घाइते भएका थिए। बन्दूकधारी आक्रमणकारीलाई प्रहरीले गिरफ्तार गरेको छ।

शनिबार राति इस्लामावाद नजिकैको रावलपिण्डी शहरमा खान पुनः विरोध प्रदर्शनमा सामेल हुँदै बिधान सभाबाट बाहिरिने घोषणा गर्नुभएको हो। उहाँले आफ्ना हजारौं समर्थकलाई आफ्नो तेहरीक-ए-इन्साफ पार्टीले सबै क्षेत्रीय र राष्ट्रिय सभाहरू छोडेर यो 'भ्रष्ट प्रणाली' नसच्चिँदासम्म यसबाट बाहिर निस्केको बताउनुभएको छ।

उहाँको पार्टीका सांसदले गत अप्रिलमा नयाँ प्रधानमन्त्री चयनका लागि मतदान हुनुअघि नै सामूहिक रूपमा विधान सभाबाट राजीनामा दिएका थिए। खानको गढ खैबर पख्तुनख्वाको उत्तरपश्चिमी प्रान्तमा पर्छ र पञ्जाब विधानसभाबाट बाहिरिएपछि उहाँका प्रतिद्वन्द्वीहरूलाई सत्ता हस्तान्तरण हुनेछ।

आफ्नो भाषणको अन्त्यतिर खानले मध्यावधि निर्वाचनको मागबाट पछि हट्दै आफ्नो पार्टीले नौ महिनापछिका लागि तय भएको निर्वाचन जित्ने बताउनुभएको छ। उहाँले अब राजधानीमा यसअघि घोषणा गरेको विरोध प्रदर्शन नगर्ने पनि बताउनुभएको छ। खानले भन्नुभयो, "सरकार इस्लामावादमा मार्चको सामना गर्न सक्दैन, सरकारले चाहेजति धेरै पुलिसलाई बोलाउन सक्छन्, तर उनीहरूले लाखौं आन्दोलनकारीलाई इस्लामाबादमा प्रवेश गर्नबाट रोक्न सक्दैनन्।' उहाँले थप्नुभयो, "यस परिस्थितिमा हामीले श्रीलङ्काजस्तो अवस्था सिर्जना गर्न सक्थ्यौं। मैले इस्लामावादमा मार्च नगर्ने निर्णय गरेको छु किनभने म देशमा अराजकता मौलाओस भन्ने चाहन्नँ। म यो देशलाई कुनै हानि गर्न चाहन्नँ।'

आर्थिक सङ्कटका कारण खाद्यान्न र औषधिजस्ता अत्यावश्यक वस्तुको अभाव भएको भन्दै महिनौंदेखि जारी विरोध प्रदर्शनपछि जुलाईमा हजारौं श्रीलङ्कालीनागरिकले राष्ट्रपति निवासमा धावा बोलेर तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षेलाई भाग्न र पछि राजीनामा दिन बाध्य पारेका थिए। खानले आफ्ना मुख्यमन्त्री र संसदीय दलसँग भेटघाट गर्ने र बाहिरिने समय घोषणा गर्ने बताउनुभएको छ।

खानको कार्यकालमा देशको गुप्तचर एजेन्सी सञ्चालन गर्ने तर तत्कालीन प्रधानमन्त्रीबाट कुनै स्पष्टीकरण नदिई बर्खास्त गरिएका नयाँ सेना प्रमुख असिम मुनीरको नियुक्तिभएको केही दिनपछि शनिबार राति उक्त र्‍याली निकालिएको हो।

मुनीरले जनरल कमर जावेद बाजवाको स्थान लिनुभएको छ। बाजवालाई खानले आफुलाई हटाउन भूमिका खेलेको आरोप पनि लगाउनुभएको छ। बाजवाले भने पूर्व प्रधानमन्त्रीको उक्त आरोपको खण्डन गर्दै आउनुभएको छ।

# सुदूरपश्चिम प्रदेश विजयी

काठमाण्डु । उननाइस वर्षमुनीको राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिम गण्डकी प्रदेशलाई एक सय १३ रनले पराजित गर्दै विजयी भएको हो।

खेलमा सुदूरपश्चिमले दिएको दुई सय १४ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेश ३२ दशमलव पाँच ओभरमा एक सय रनमा समेटियो। गण्डकीका लागि गोविन्द विकले २२ तथा अर्जुन कुमालले २० रन बनाएका थिए। कप्तान सुवास भण्डारीले १६ रन जोड्दा करन पगेङ्नीले १५ रन बनाए।

सुदूरपश्चिमका लागि मिलन बोहोराले छ विकेट लिए। त्यसअघि पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ४९ दशमलव तीन ओभरमा अलआउट हुँदै दुई सय १३ रन बनाएको थियो। सुदूरपश्चिमका लागि आकाश चन्दले ४० तथा कप्तान अनुज सिंहले ३७ रन बनाए। नरेन साउदले २८ तथा मिलन बोहोराले २४ रन बनाउँदा हेमन्त धामी र गजेन्द्र बोहोराले समान १९/१९ रन बनाए। दीपक बोहोरा ११ रनमा आउट भए।

गण्डकीका लागि कप्तान सुवास भण्डारीले तीन विकेट लिए भने सुदिप अर्याल, सचिनराज अधिकारी, अर्जुन कुमाल, सिब्रिन श्रेष्ठ, निर्तिश गिरी र शिशिर भुषालले समान १/१ विकेट लिएका थिए। प्रतियोगिताको विजेताले रु दुई लाख तथा उपविजेताले रु एक लाख पाउने छन्। रासस

# मेस्सीको गोलसँगै अर्जेन्टिनाको विश्वकपको आशा जीवितै



**एएफपी**

दोहा । शनिबार राति भएको खेलमा मेक्सिकोमाथि २-० को जित निकाल्दै अर्जेन्टिनाको विश्वकप यात्रालाई जीवित राख्न अर्जेन्टिना सफल भएको छ। कतारमा समूह 'सी' को पहिलो खेलमा साउदी अरबसँग पराजित भएपछि अर्जेन्टिनाले शनिबारको खेल पनि आरेको भए उसको प्रतियोगिताको सम्भावना समाप्त हुनसक्ने थियो।

खेलको ६४ औं मिनेटमा २० मिटर टाढाबाट गोल गर्दै अर्जेन्टिनाका लागि गोल गर्नुभएको थियो भने एन्जो फर्नान्डिजले दोस्रो गोल थप्नुभएको थियो। मेसीले विश्वकप खेलको पहिलो खेलमा भएको हारले कठिन भएको बताउँदै भन्नुभयो, "पहिलो खेलमा हामीलाई घाटा भयो। हामीलाई थाहा थियो कि हामीले आज जित्नै पर्छ, हाम्रो लागि अब बल्ल विश्वकप सुरु हुँदैछ।' मेक्सिकोले राम्रो खेलेको कारण गोल गर्न निकै कठिन भएको उहाँको भनाइ थियो।


मेस्सीले गरेको गोलले उहाँले अर्जेन्टिनाका लागि विश्वकपमा आठ गोल र २१ खेलमा उपस्थिति जनाउँदैस्वर्गीय डिएगो म्याराडोनालाई बराबरी गर्नुभएको छ।

अर्जेन्टिनाले म्याराडोनाको मृत्युको दोस्रो वार्षिकी मनाएको एक दिनपछि यो जीत निकालेको हो। सात पटकका बालोन डी'ओर विजेता मेसीबाहेक सबैका लागि यो अवसर प्राप्त भएको जस्तो देखिने खराब र तनावपूर्ण भिडन्तमा यी गोलहरू गुणस्तरका दुई दुर्लभ क्षणहरू थिए।

तर अर्जेन्टिनाले नकआउट चरणमा स्थान पक्का गर्न अझै पनि समूह चरणको अन्तिम खेल पोल्याण्डविरुद्ध जित्नैपर्ने हुन्छ।

मेसीले भन्नुभयो, "हामी अहिले छोड्न सक्दैनौं। अब हरेक खेल फाइनल हो, हामी कुनै गल्ती नगरिकन खेल्नेछौं।'

# पाकिस्तानमा ब्याजदर २४ वर्षयताकै उच्च




**एएनआई**

कराँची । 'स्टेट बैंक अफ पाकिस्तान (एसबीपी)' ले मुद्रास्फीति नियन्त्रण का लागि शुक्रबार आफ्नो प्रमुख नीतिगत ब्याजदरमा १६ प्रतिशतले वृद्धि गरेपछि पाकिस्तानमा ब्याज दर २४ वर्षयताकै उच्च विन्दुमा पुगेको छ।

केन्द्रीय बैंकले समितिको बैठकपछि जारी गरेको विज्ञप्तिमा भनिएको छ, "मुद्रास्फीतिको दबाब सोचेभन्दा बढी र निरन्तर रहेको एमपीसीको आँकलनमा आधारित भएर यो निर्णय गरिएको हो। डनका अनुसार, यस परिवर्तनसँगै एसबीपी ब्याज दर यस वर्षको लागि कूल ६२५ आधार बिन्दुमा वृद्धि भएको छ। यो दर अक्टोबर र सेप्टेम्बरमा अपरिवर्तित थियो। दक्षिण एशियाली मुलुक अहिले आर्थिक सङ्कटमा परेको र गम्भीर आर्थिक तथा राजनीतिक सङ्कटमा रहेको र वित्तीय नोक्सानीलाई नियन्त्रण गर्नु समयको माग भएको अवस्थामा यो निर्णय लिइएको हो।

एसबीपीले मुद्रास्फीति, बढ्दो घरेलु र अन्तर्राष्ट्रिय आपूर्ति समस्याको कारण प्रेरित भइरहेको छ जसले लामो आर्थिक मन्दीको बीचमा मूल्यलाई बढावा दिइरहेको छ। एक्सप्रेस ट्रिब्यूनका अनुसार यी अभावहरूले व्यापक मूल्य र ज्यालामा असर पारिरहेको छ, जसले मध्यम अवधिको वृद्धिलाई क्षति पुर्‍याउन सक्छ र मुद्रास्फीतिको अनुमानलाई कमजोर पार्न सक्छ।

भीषण बाढी र बजेट नियन्त्रण कायम गर्ने प्रयासका बावजुद, राष्ट्र निरन्तर उच्च मुद्रास्फीतिसँग जुधिरहेको छ। उपभोक्ता मूल्य सूचकाङ्क (सीपीआई) ले अक्टोबरमा २६.६ प्रतिशत को वार्षिक वृद्धि रेकर्ड गरेको छ।

गत अगष्टमा आएको विनाशकारी बाढीले एक हजार ७०० भन्दा बढी मानिसको ज्यान लिनुका साथै अर्बौं डलरको क्षति पुर्‍याएको थियो।

द एक्सप्रेस ट्रिब्यूनका अनुसार पाकिस्तानले आर्थिक वर्ष २०२२ मा करिब ३० अर्ब अमेरिकी डलर रेमिटेन्स प्राप्त गरेको थियो, तर पनि उसले आफ्नो चालू खाता घाटालाई नियन्त्रणमा राख्न सकेन।

पाकिस्तानलाई विदेशी दायित्वविरुद्ध भुक्तानी गर्न यस आर्थिक वर्षमा लगभग ३२ अर्ब अमेरिकी डलर आवश्यक छ। विदेशी दायित्वमात्र होइन, बढ्दो मुद्रास्फीतिले पनि स्थानीय जनताका लागि जीवनयापनको खर्च निकै कठिन बनाइरहेको छ।

# पाकिस्तानका छवटा प्रहरी चौकीमा आक्रमणको धम्की

**एएनआई**

लाहोर। मोस्ट वान्टेड अपराधीको हत्याको बदला लिनको लागि पाकिस्तानको राजनपुर जिल्लामा एक आतङ्कवादी समूहले छवटा प्रहरी चौकीमा आक्रमण गर्ने धम्की दिएको छ।

यस हप्ताको शुरुमा अपराधीहरूले हिंसक झडपमा प्रहरी बल विरुद्ध रकेट लन्चर, मोर्टार र अन्य हतियारहरू प्रक्षेपण गरेका थिए।

हालै भएको भिडन्तमा पाकिस्तानको डेरा गाजी खानका क्षेत्रीय प्रहरी अधिकारी (आरपीओ) खुर्रम अली शाहका अनुसार पाकिस्तानका कुख्यात गिरोहका प्रमुख खुदा बुख्श लाउन्डलाई गोली हानाहानमा मारिएको थियो।

झडपमा पाँच प्रहरी सहित कम्तीमा १२ जना घाइते भएका थिए। सो झडपमा हतियारधारी आतङ्ककारीहरूले थुप्रै बुलेट प्रुफ गाडीहरू छोडेर भागेका थिए।

यसबाहेक पञ्जाब प्रहरीले बलूच आतङ्कवादी समूहले दिएको कडा धम्कीको जवाफमा प्रहरी प्रतिकारका लागि तम्तयार रहेको बताइएको छ।

# यही अवस्थामा हुने वार्ताले अमेरिकासँगको समस्या समाधान नहुने इरानका शीर्ष नेताको दावी

**सिन्ह्वा**

तेहरान । इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले संयुक्त राज्य अमेरिकासँगको देशको समस्या तत्कालको वार्ताबाट समाधान नहुने बताउनु भएको छ।

इरानको बासिज स्वयम्सेवक बलका सदस्यलाई सम्बोधन गर्दै खामेनीले तेहरान र विश्वशक्ति राष्ट्रबीच सन् २०१५ मा भएको आणविक सम्झौताको ढाँचाअन्तर्गत संयुक्त राज्य अमेरिकाले इरानको आणविक गतिविधिमा कटौती गरेको बदलामा प्रतिबन्ध हटाउन सहमत भएको थियो।

उहाँले भन्नुभयो, "अमेरिकाले विश्व शक्तिराष्ट्रसहित इरानसँग गरेका प्रतिबद्धता त्यागेको छ। यस अवस्थामा वासिङ्टनसँग वार्ता निरर्थक छ भन्ने बुझ्न सकिन्छ।'

सन् २०१८ मा औपचारिकरूपमा 'बृहत् संयुत्त कार्ययोजनाको नामले चिनिने आणविक सम्झौताबाट अमेरिका बाहिरिनु र इरानमाथि पुनःप्रतिबन्ध लगाएपछि इरानले सम्झौताअन्तर्गतका आफ्ना केही आणविक प्रतिबद्धता घटाउन प्रेरित गरेको थियो।

अप्रिल २०२१ मा, सम्झौताको पुनःउत्थानको लागि भियनामा वार्ता शुरु भएपनि यसले अगष्टको सुरुसम्म खासै प्रगति गर्न सकेको थिएन। उक्त वार्तालाई अगस्टमा सार्थकरूप दिने भनी पुन : थालिए पनि अमेरिका र इरान आ-आफ्ना अडानबाट पछि नहटेपछि पछिल्लो चरणको वार्तामा पनि कुनै उपलब्धि हासिल हुन सकेन।

संयुक्त राज्य अमेरिकाले पहिले इरानलाई २० प्रतिशत युरेनियम सम्वर्द्धन रोक्न, त्यसपछि ५ प्रतिशत युरेनियम संवर्द्धन रोक्न आग्रह गरेको र त्यसपछि तेहरानले आफ्नो सम्पूर्ण आणविक उद्योग बन्द गरोस् भन्ने चाहेको तर यो असम्भव भएको खामेनीले दावी गर्नुभयो। खामेनीले भन्नुभयो, "एकपक्षीयरूपमा अमेरिकालाई फाइदा हुनेगरी इरानले वार्ता गर्न सम्भव छैन। यस प्रकारको वार्ताबाट निष्कर्ष निस्कँदैन।'

# भीषण पहिरोपछि इटालीमा आपत्काल घोषणा

**एएफपी**

कासामिसिसियोला टर्म। इटालीको सरकारले इस्चियाको दक्षिणी टापुमा पहिरोमा परी कम्तीमा एक जनाको मृत्यु भएको र दर्जनौं बेपत्ता भएपछि आइतबार आपत्काल घोषणा गरेको छ।

माटो र भग्नावशेषको छालले शनिबार बिहान सबेरै देशको सानो शहर कासामिचियोला टर्मेमा एउटा घर र थुप्रै कारहरूलाई बगाएको स्थानीय सञ्चार माध्यमले जनाएका छन्।

नागरिक सुरक्षा मन्त्री नेलो मुसुमेसीले जनाएअनुसार आपतकालीन मन्त्रिपरिषद् बैठकको २० लाख युरो राहत कोषको घोषणा गर्दै आपतकालीन अवस्था घोषणा गरेको छ।

दुई सय भन्दा बढी उद्धारकर्ताहरू अझै एक दर्जन बेपत्ता व्यक्तिहरूको खोजी कार्यमा संलग्न छन् भने सयौं स्वयंसेवकहरू सडक सफा गर्न व्यस्त देखिन्छन्।

इटालियन समाचार एजेन्सी एजीआईका अनुसार उद्धारकर्ताहरूले ३१ वर्षीया महिलाको शव फेला पारेका छन्। ४५ वर्षीय साल्भाटोर लोरिनीले पहिराले त्रासदी ल्याएको बताएकी छिन्।

# उत्तर कोरियालाई विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति बनाउने किमको दावी

**एएफपी**

सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो देश विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति केन्द्र बन्ने लक्ष्य राखेको बताउनुभएको छ।



प्योङ्याङले अहिलेसम्मकै सबैभन्दा शक्तिशाली क्षेप्यास्त्र परीक्षण गरेको र यो अमेरिकी मुख्य भूमिमा पुग्न सक्ने विश्वास गरिएको उत्तर कोरियाली अधिकारीले दावी गरेका छन्। नेता किमले ह्वासोङ-१७ को सफलताका लागि १०० भन्दा बढी सम्बन्धित अधिकारी र वैज्ञानिकलाई पदोन्नति पनि गर्नुभएको छ। नयाँ आईसीबीएमलाई 'विश्वको सबैभन्दा बलियो रणनीतिक हतियार' भन्दै किमले उत्तर कोरियाली वैज्ञानिकले ब्यालेस्टिक क्षेप्यास्त्रमा आणविक हतियार राख्ने प्रविधिको विकासमा आश्चर्यजनक फड्को मारेको बताउनुभएको छ। राज्य र जनताको गरिमा र सार्वभौमिकताको रक्षाका लागि आणविक शक्तिको निर्माण गर्नु 'सबैभन्दा ठूलो र सबैभन्दा महत्वपूर्ण प्रगतिको कारण हो, र यसको अन्तिम लक्ष्य विश्वको सबैभन्दा शक्तिशाली रणनीतिक शक्ति बन्नु र यस शताब्दीमा अभूतपूर्व पूर्ण शक्तिलाई कब्जा गर्नु हो, किमलाई उद्धृत गर्दै केसीएनएले उल्लेख गरेको छ।

वैज्ञानिकहरूले प्योङ्याङको ' विश्वको सबैभन्दा बलियो सेना निर्माण गर्ने लक्ष्य' विश्वसामु प्रदर्शन गरेको किमले बताउनुभयो। नयाँ ह्वासोङ-१७ आइसिबीएमको लन्चिङ भेहिकललाई 'उत्तर कोरियाको हिरो' को उपाधि प्रदान गरिएको केसीएनएको रिपोर्टमा उल्लेख छ।

'यसले उत्तर कोरिया पूर्ण आणविक शक्ति हो भन्ने कुरा विश्वसामु स्पष्ट रुपमा प्रमाणित गरेको छ,' प्रतिवेदनमा भनिएको छ। रिपोर्टमा थप भनिएको छ, "उत्तर कोरियाले सबैभन्दा शक्तिशाली आईसीबीएम राष्ट्रको रूपमा आफ्नो शक्ति प्रदर्शन गरेको छ।' कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका होङ मिनले ह्वासोङ-१७ को परीक्षणलाई उत्तर कोरियाले आफुलाई प्रमुख आणविक शक्तिका रूपमा स्थापित गर्ने उद्देश्यले गरेको बताउनुभयो।

"यदि सन् २०१७ मा ह्वासोङ-१५ को प्रक्षेपण आणविक हतियारले अमेरिकी मुख्य भूमिलाई खतरामा पार्न सक्ने राष्ट्र बन्नमा केन्द्रित थियो भने पछिल्लो क्षेप्यास्त्र सबैभन्दा शक्तिशाली आईसीबीएम राज्य बन्नमा केन्द्रित छ,' उहाँले थप्नुभयो।

# रुसको खेरसन ओब्लास्टमा ५४ पटक गोली प्रहार, एक जनाको मृत्यु

**एएनआई**

कीभ। खेरसन ओब्लास्टका गभर्नर यारोस्लाभ यानुशेभिचले नोभेम्बर २७ मा रूसी सेनाले यस क्षेत्रमा विगतका दिनमा ५४ पटक सम्म गोलाबारी गरेको र एक व्यक्तिको मृत्यु भएको बताएको छ।

त्यस्तै उक्त घटनामा एक बच्चा सहित दुई जना घाइते भएका छन्।

यानुशेभिचले भने कि रुसी सेनाले जानजान नागरिक पूर्वाधार र नागरिकहरू माति आक्रमण गरेको बताएको छ। रूसीहरूले निजी भवन, अपार्टमेन्ट भवनहरू तथा सार्वजनिक विद्यालयहरूलाइ समेत निशाना बनाएका छन्।

त्यस्तै खेरसन क्षेत्रमा आवासीय भवन, ग्यारेज र एउटा शैक्षिक संस्थामा आगलागी गरिएको छ।

त्यस्तै त्यहाँ नजिकैका आठ गाउँहरू आगोको चपेटामा परेका छन्। रुसी सेनाहरूले रणनीतिकरूपमा मानव वस्ती भएका क्षेत्रलाई निशाना बनाई आक्रमणलाई तीव्रता दिएका छन्।



काठमाडौँ, ललितपुर र धादिङमा अनुदानमा बिक्री गर्नका लागि भारतबाट ल्याएर साल्ट ट्रेडिङ कर्पोरेशन लि.कालिमाटी गोदाममा राखिएको मल। डिएपी मल रु दुई हजार ३६५, युरिया मल रु ९७५ र पोटास रु एक हजार ७६५ मा बिक्री गर्ने जनाइएको छ। *तस्बिर : रासस*

# पहिलो चौमासिकमा आयकर र भ्याट सङ्कलन लक्ष्यभन्दा कम

काठमाण्डु। चालू आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिक अवधिमा आयकर र मूल्य अभिवृद्धिकर (भ्याट) सङ्कलन लक्ष्यभन्दा न्यून देखिएको छ। आन्तरिक राजस्व विभागको तथ्याङ्कअनुसार कात्तिक मसान्तसम्ममा अन्तःशुल्कतर्फको राजस्व मात्रै लक्ष्यअनुसार सङ्कलन भएको देखिएको हो।

विभागका अनुसार आयकर पहिलो चौमासिक लक्ष्यको ८१ दशमलव नौ प्रतिशत बराबर सङ्कलन भएको छ। कात्तिक मसान्तसम्ममा रु ४८ अर्ब ९१ करोड सात लाख ५८ हजार आयकर सङ्कलन गर्ने सरकारी लक्ष्य छ। यो अवधिसम्मको वास्तविक आयकर सङ्कलन भने रु ३८ अर्ब २९ करोड ६६ लाख ५३ हजार रहेको छ।

गत आव २०७८/७९ को पहिलो चौमासिकमा रु ४७ अर्ब २२ करोड ९० लाख ९६ हजार आयकर सङ्कलन भएको थियो। पहिलो चौमासिकमा भ्याट असूली पनि लक्ष्यभन्दा न्यून छ। कात्तिक मसान्तसम्ममा रु ४१ अर्ब ९४ करोड ७६ लाख ६० हजार भ्याट सङ्कलन गर्ने सरकारी लक्ष्य रहेकामा रु ३४ अर्ब ४७ करोड ८४ लाख १९ हजार बराबर मात्रै असुली भएको हो।

त्यो पहिलो चौमासिक लक्ष्यको ८२ दशमलव १९ प्रतिशत बराबर हो। यो अवधिमा अन्तःशुल्कतर्फको राजस्व लक्ष्य भने भेटिएको छ। चालू आर्थिक वर्षको कात्तिक मसान्तसम्ममा रु ३० अर्ब ६५ करोड ३८ लाख चार हजार अन्तःशुल्क सङ्कलन गर्ने लक्ष्य राखिएकामा रु ३४ अर्ब ६० करोड ७२ लाख ४२ हजार असूली भएको हो।

सो असूली पहिलो चौमासिक लक्ष्यको एक सय १२ दशमलव ९२ प्रतिशत बराबर हो। त्यस्तै घरबहाल कर लक्ष्यको ६९ दशमलव ७४ प्रतिशत बराबर मात्रै उठेको छ। कात्तिक मसान्तसम्ममा रु एक अर्ब ६९ करोड १३ लाख घरबहाल कर उठाउने विभागको लक्ष्य छ। यो अवधिमा रु ६४ करोड ४२ लाख तीन हजार बराबर मात्रै उठेको हो।

शिक्षा सेवा कर पनि लक्ष्यभन्दा न्यून छ। यो अवधिसम्ममा रु ५३ करोड २३ लाख ५२ हजार शिक्षा कर उठाउने लक्ष्य रहेकामा रु ५० करोड ८६ लाख ९५ हजार मात्रै उठेको छ।

स्वास्थ्य सेवा कर भने लक्ष्यभन्दा बढी उठेको छ। पहिलो चौमासिकमा रु एक अर्ब ३६ करोड ११ लाख २० हजार बराबर स्वास्थ्य सेवा कर उठाउने लक्ष्य रहेकामा एक सय ८३ दशमलव १५ प्रतिशत अर्थात् रु दुई अर्ब ४९ करोड २९ लाख १६ हजार असूली भएको छ।रासस

# लघु बीमा व्यवसाय सञ्चालन गर्न सात कम्पनी छनोट

काठमाण्डु। नेपाल बीमा प्राधिकरणले लघु बीमा व्यवसाय सञ्चालन गर्न सात कम्पनीको प्रस्ताव छनोट गरेको छ। प्राधिकरणले आइतवार सार्वजनिक गरेको सूचनाअनुसार लघु जीवन बीमा व्यवसाय गर्नका लागि तीन वटा र लघु निर्जीवन बीमा व्यवसाय गर्नका लागि चार कम्पनीको प्रस्ताव छनोट गरिएको छ।

प्राधिकरणले गत भदौ १० गते ३५ दिने सूचना जार्दै लघु बीमा व्यवसाय गर्न चाहने कम्पनीहरुबाट प्रस्ताव माग गरेको थियो। प्रस्ताव आह्वान गरिएको म्यादभित्र दर्ता हुन आएका प्रस्तावहरुमध्ये प्राधिकरणको मूल्याङ्कनबाट सात कम्पनीलाई छनोट गरिएको हो।

लघु जीवन बीमा व्यवसाय गर्नका लागि प्रस्ताव छनोट भएका कम्पनीमा मोरङको बिराटनगर-७ मा मुख्य कार्यालय रहेको गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड, सुर्खेतको वीरेन्द्रनगरमा प्रधान कार्यालय रहेको क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र कास्कीको पोखरामा प्रधान कार्यालय रहेको लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स रहेका छन्।

लघु निर्जीवन बीमा व्यवसायतर्फ रुपन्देहीको बुटवल-२ मा प्रधान कार्यालय रहेको ट्रस्ट माइक्रो इन्स्योरेन्स लिमिटेड, चितवनको भरतपुर-१ मा प्रधान कार्यालय रहेको नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, धनुषाको जनकपुरधाममा प्रधान कार्यालय रहेको स्टार माइक्रोफाइनान्स इन्स्योरेन्स कम्पनी लिमिटेड र कैलालीको धनगढी-३ मा प्रधान कार्यालय रहेको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडको प्रस्ताव छनोट गरिएको छ।रासस

# अचारबाट आम्दानी गर्दै अधिकारी

काठमाण्डु। मेहनत र लगनशील भएर जुनसुकै व्यवसाय अँगाले सफल भइन्छ भन्ने राम्रै उदाहरण बन्नुभएको छ काठमाडौँको तारकेश्वर नगरपालिका-१० मनमैजुकी सरस्वती लोहनी अधिकारी। आफ्नै घरमा अचार उत्पादन सुरु गर्नुभएकी अधिकारीले नेपाल र विदेशमा अचार बिक्रिवितरण गरेर तीन वर्षमा रु ५० लाखभन्दा बढी आम्दानी गर्नुभएको छ।

काठमाण्डुको तारकेश्वर नगरपालिका-१० मनमैजुमा 'माई पिकल हाउस' सञ्चालन गर्दै आउनुभएकी अधिकारीले कोरोना महामारीको समयमा सुरु गर्नुभएको अचार उद्योगबाट पर्याप्त आम्दानी गर्नुभएको हो। तारकेश्वर उज्वल महिला समूहको सचिव भएको समयमा नगरपालिकाले दिएको अचार बनाउने तालिममा सहभागिता हुनुभएकी अधिकारीले नगरपालिकाकै कारण अचार बनाउन थाल्नुभएको हो। अधिकारी अहिले सो महिला समूहको सल्लाहकार हुनुहुन्छ।

"नगरपालिकाले हामीलाई तालिम दिएसँगै अचार बनाउन अग्रसर गऱ्यो, सुरुमा बाध्यताले मसहित पाँचजना मिलेर अचार उद्योग सञ्चालन गऱ्यौँ, पछि उद्योगको भविष्य राम्रो देखेर एक्लैले उद्योग सञ्चालन गरेकी हुँ,"- उहाँ भन्नुहुन्छ।

तनहुँ घर र नुवाकोट माइती भएकी अधिकारी विगत २२ वर्षदेखि श्रीमान् राम अधिकारीले काठमाडौँको बागबजारमा सञ्चालन गरेको 'बिआर प्रिन्टर प्रेस'को काम गर्दैआउनुभएको थियो। अचार बनाउने तालिम लिएसँगै छापाखानाको काम छाडेर हाल आफ्नै अचार उद्योगमा व्यस्त हुनुहुन्छ। उहाँले अचार उद्योग सञ्चालन गर्न परिवारको समेत राम्रो साथ र सहयोग पाउनुभएको छ।

विसं २०७६ फागुनदेखि सञ्चालनमा आएको उक्त अचार उद्योगमा पछिल्लो समय छ जनाले रोजगार पाउनुभएको छ। नियमित रुपमा छ जनाले काम गर्दै आए पनि धेरै उत्पादन हुने समयमा कामदारको सङ्ख्या थपघट हुने गरेको उहाँको भनाइ छ। सुरुको समयमा रु ५० हजार लगानी गरेर मेसिन, भाँडाकुँडा, ढकतराजु र अचारलाई आवश्यक पर्ने सामाग्री खरिद गरेर एउटा कोठाबाट सञ्चालन गरिएको उक्त उद्योग हाल ६ कोठामा सञ्चालित छ।



मिक्स अचार, टिमुरको छोप र मेथीको टुसाको अचारबाट सुरु भएको उक्त उद्योगमा हाल १५ किसिमका अचार उत्पादन हुँदै आएको अधिकारी बताउनुहुन्छ। हाल उक्त उद्योगमा मिक्स, टिमुर, मेथी, आँप, अकबरे, लप्सी, कागती, मुला, करेला, गुन्द्रूक, भट्टमास, सिद्रा, टिमुर मिक्स, सिद्रामाछा, काँक्रो र तामाका अचार उत्पादन हुन्छन्। माई पिकल हाउसमा उत्पादित अचार हाल काठमाडौँ, भक्तपुर, ललितपुर र चितवन बिक्रिवितरण हुँदै आएको छ। नेपालबाहेक अष्ट्रेलियामा बढी अचार बिक्रि हुने गरेको छ। यस्तै, क्यानडा र अमेरिकामासमेत अचार निर्यात हुँदै आएको सञ्चालक अधिकारीले बताउनुभयो।

वैदेशिक रोजगार र अन्य कामका लागि विदेश जाने नेपालीले उद्योगमै आएर अचार लैजाने गरेको उहाँ बताउनुहुन्छ।रासस

## नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार उच्च अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३२ दशमलव ४३ अङ्कले उकालो लागेर एक हजार नौ सय ६५ दशमलव ९८ मा पुगेको छ।

त्यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ३४ अङ्कले उकालो लागेर तीन सय ८६ दशमलव २६ मा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये आइतवार सामूहिक लगानी कोषबाहेक अरु सबै उपसमूहको शेयर मूल्य उकालो लागेको छ।

नेप्सेका अनुसार कूल दुई सय ३३ कम्पनीका ४२ लाख २३ हजार आठ सय ६७ कित्ता शेयर रु दुई अर्ब दुई करोड ५४ लाख ८९ हजार ५२ मूल्यमा कारोबार भए। आइतबारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब २७ अर्ब ९४ लाख ७२ हजार आठ सय ६९ मा पुगेको छ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ। सो कम्पनीको रु ४५ करोड चार लाख सात हजार एक सय १९ बराबरको कारोबार भयो। नबिल बैंक रु १२ करोड तीन लाख २१ हजार नौ सय ८८, नेपाल दूरसञ्चार कम्पनी रु नौ करोड ७९ लाख ६३ हजार आठ सय ३३, शिवम् सिमेन्ट रु आठ करोड १८ लाख एक हजार चार सय २५ र नेष्डो समृद्धि लघुवित्त रु छ करोड छ लाख पाँच हजार दुई सय २९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार डिप्रोक्स लघुवित्त आठ दशमलब २१, जीवन विकास लघुवित्त सात दशमलव ४३, कुमारी बैंक छ दशमलव ७७, ग्रीनलाइफ हाइड्रोपावर छ दशमलव ५७ र नेष्डो समृद्धि लघुवित्तका लगानीकर्ताले छ दशमलव ५४ प्रतिशतले कमाएका छन्।रासस

# भटमास खेतीबाट मनग्य आम्दानी



कञ्चनपुर। दोधारा चाँदनी नगरपालिका ९ का उत्तम सिंह घिमिरेले भटमास खेती गरेर राम्रैसँग आम्दानी गर्दै आउनु भएको छ। गत वर्ष उहाँले दुई विघा जग्गामा भटमास खेती गर्दा करिव रु डेढ लाख आम्दानी गर्नुभयो।

यस वर्ष सोही जग्गामा गरिएको भटमास खेतीबाट घिमिरेले रु तीन लाख ५० हजार आम्दानी गर्नुभएको छ। थोरै मिहिनेतमा धेरै आम्दानी हुने भएकाले भटमास खेतीलाई निरन्तरता दिदै आएको घिमिरेले बताउनुभयो। भारतको पन्तनगरबाट भटमासको बीउ ल्याएर यस क्षेत्रका किसानले भटमास खेती गर्दै आएका छन्। "भटमास खेतीका लागि माटो उयुक्त छ' अर्का किसान महेश घिमिरेले भन्नुभयो, "आधुनिक तरिकाले भटमास खेती गर्नका लागि किसानलाई तालिमको आवश्यकता छ, किसानको क्षमता वृद्धि भए उत्पादन बढाउन सकिन्छ।'

उहाँका अनुसार दोधारा चाँदनी भटमास खेतीको हवका रुपमा विकसित भैरहेको छ। यहाँ उत्पादन हुने भटमास नेपालगञ्ज र धनगढीका व्यापारीले खरिद गरेर लैजाने गरेका छन्। भटमास खेतीमा सम्लग्न किसान दीपक सापकोटाका अनुसार यो खेती गर्दा त्यतिधेरै सिचाईको आवश्यकता पर्दैन। "गाईबस्तुले भटमासका विरुवा खादैनन् उहाँले भन्नुभयो, "छाडा चौपायाले खाने समस्या हुदैन, थोरै गोडमेलले पुग्छ, थोरै परिश्रममा धेरै उत्पादन हुनाका साथै मनग्य आम्दानी पनि यस खेतीबाट लिन सकिन्छ।'

तीन वर्षदेखि भटमास खेती गर्दै आउनुभएका सापकोटाले प्रति वर्ष रु दुई लाखभन्दा बढीको भटमास बिक्री गर्दै आउनुभएको छ। "भटमास खेती पहाडी क्षेत्रमा मात्रै हुने गरेको थियो' दोधाराकै किसान हरिनारायण तिवारीले भन्नुभयो, "निकटबर्ती क्षेत्रका भारतीयहरुले भटमास खेती गरेको देख्यौँ र त्यसकै अनुसरण गर्दै परीक्षणका रुपमा खेती गर्न लाग्यौँ, उत्पादन राम्रो भएपछि यसलाई निरन्तरता दिदै आएका छौँ।'

दोधारा चाँदनीमा करिव सय बिघा जग्गामा भटमास खेती हुने गरेको छ। भटमास काट्न र चुटनका लागि स्थानीय किसानले उपकरणको प्रयोग गर्ने गरेका छन्। फल र पातमा रोग किराको प्रकोप देखिने भएकाले तीनदेखि चार पटकसम्म बिषादी छर्कनु पर्ने अबस्था रहेको किसान तिवारीले बताउनुभयो।

रोग तथा किरा रोकथामका लागि सल्लाह र सुझाव लिन भारतीय प्राविधिकको भर पर्नुपर्ने उहाँको भनाइ थियो। भटमासबाट तेल र सोयाविन बन्ने गरेको छ। भटमास प्रतिकिलो रु एक सयका दरले बिक्री हुने गरेको छ। भटमास खेतीमा सम्लग्न किसानले सुदूरपश्चिम क्षेत्रमै भटमासबाट सोयाविन र तेल निकाल्ने उद्योगको माग गर्दै आएका छन् भटमासलाई बहुउपयोगी कोशेवालीका रुपमा लिइने गरिन्छ। घरमा भटमासको गेडा भुटेर, अचार बनाएर, उसिनेर खाने गर्नाका साथै दालका रुपमा प्रयोग गरिँदै आइएको छ।

कृषि प्राविधिक करन सिंह बुढाऐरका अनुसार भटमासबाली काटिसकेपछि गहुँ बाली लगाउदा युरिया मलको मात्रा कमै मात्र प्रयोग गर्दा हुन्छ। भटमासको जरामा नाइट्रोजन प्रर्याप्त मात्रामा हुने भएकाले रासायनिक मलको मात्रा कम गरे पुग्ने उहाँले बताउनुभयो।

"मकैसँगै भटमास खेतीगर्दा छुट्टै मल आवश्यक पर्दैन' प्राविधिक बुढाएरले भन्नुभयो, "एक्लो बालीका रुपमा लगाउँदा भने मल प्रयाग गर्नुपर्दछ।' भटमास खेतीका लागि पानी नजम्ने दोमट किसिमको माटो आवश्यक पर्दछ। समुन्द्री सतहको पााच सय मिटरदेखि दुई हजार मिटरको उचाईसम्म भटमास खेती गर्न सकिन्छ।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०७९/०८/१२ गतेको जनकपुर टुडे दैनिक


यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानुन तथा बैंकको नियमानुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पतीबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **बोलपत्र खोलिने मिति/समय**

**२०७९/०८/२६ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा** — **२०७९/०८/२८ गते, बुधबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | धितोको विवरण |
|---|---|---|
| १. | **नाम : श्री जय न्यू पूजा ट्रेडर्स**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा<br>प्रा.फ.र.नं. १४६२३/१४१४/२०७६/२०७७, दर्ता मिति : २०७६/०९/२३<br>पान नं. ६०८२६८६६६, दर्ता मिति : २०७५/०५/०३<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ४<br>**प्रोप्राईटर : सियाराम महतो कोइरी** | चन्दरकला देवी महतोको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ६८८ को क्षेत्रफल ०-११-०-० विघा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |

**जमानतकर्ता**

| | |
|---|---|
| **१. नाम : सियाराम महतो कोइरी**<br>ना.प्र.नं. १०२३२५६८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५२/०८/२१<br>बाबुको नाम : सुकदेव महतो<br>बाजेको नाम : सरयुग महतो<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ४  | **२. नाम : चन्दरकला देवी महतो**<br>ना.प्र.नं. १०२३३०५१, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०९/०४<br>पतिको नाम : सियाराम महतो कोइरी<br>ससुराको नाम : सुकदेव महतो<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ७  |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालयः जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# ‘पराजित अरगरियाले म माथि भ्रम फैलाउँदै छ’

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर २ बाट नव निर्वाचित रामकृष्ण यादवले आफूविरुद्ध भ्रम फैलाइएको बताएका छन् ।

उनले आइतबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी पराजित नेकपा एमालेका उमाशंकर अरगरियाले भ्रम फैलाइरहेको बताए ।

रामकृष्ण यादवलाई निर्वाचन आयोगले निर्वाचित भएको घोषणा गरिसकेका छन् । तर पराजित अरगरियाले मतगणनामा धाँधली भएको आरोप लगाएका छन्। अरगरियालेप्रतिनिधिसभाको मतपत्र प्रदेशसभाको मतपेटिकामा गएको भन्दै पुनःमतगणनाको माग गरेका छन् ।




यादवले सोही विषयमा आफू विरुद्ध पराजित उम्मेदवार अरगरियाले कु प्रचार गरेको र आफू निष्पक्ष रुपमा विजयी भएको दाबी गरेका छन् । उनले भ्रमबारे खण्डन गर्दै मतगणना सर्वपक्षीय बैठकको निर्णय अनुसार नै गणना भएको जिकिर गरे ।

‘फरक मतपेटिकामा फरक मतपत्र भेटिए त्यो मत बदर हुने सर्वपक्षीय बैठककै निर्णय छ,’उनले स्पष्ट गर्दै भने,‘तर नेकपा एमालेका उम्मेदवारले हार स्वीकार गर्न नसकेर आफूविरुद्ध कु-प्रचार गरिरहेका छन् । त्यसमा कुनै सत्यता छैन्, त्यो मिथ्या हो ।’

मतगणनाको अन्तिम समयमा केही व्यक्तिले विवाद गर्न थालेपछि पुनः सर्वपक्षीय बैठकबाट निर्णय गरी दुई ठाउँमा मतगणना सुरु गरिएको निर्वाचित यादवले बताए । उम्मेदवारसंग जोडेर निर्वाचन अधिकृतमाथि आरोप लगाउनु अभिमत र लोकतन्त्र विरोधी कार्य भइरहेको उनले बताए ।

प्रतिनिधिसभाको मतपत्र प्रदेशसभा र सामानुपातिक मतपेटिकामा कर्मचारीको लापरबाहीले गएको अरगरियाको आरोप छ । र, यस्ता मतपत्र सदर भए मतगणना गर्नुपर्ने उनको माग छ । जसको लागि उनले पुनः गणनाको माग गरेका छन् । तर यादवले फरक मतपेटिकामा भेटिएको फरक मतपत्रमा आफ्नो पनि मत रहेको उल्लेख गर्दै बदर गर्ने सहमति भइसकेको मतगणना गर्नुको औचित्य नरहेको प्रस्ट गरे ।

’सुरुदेखि एमालेको मत बढ्दै जादा अरगरियाले केही बोलेनन् तर अन्तिममा मेरो अग्रता देखेपछि उनले बहाना बनाएर मतगणना कार्य नै रोक्न खोजेका थिए,’उनले भने,‘तर निर्वाचन अधिकृतले सहमति अनुसार मतगणना सम्पन्न गरेर नतिजा घोषणा गरेको हो ।’

मंसिर ४ गते मतदान सम्पन्न भएपछि ५ गते साझ ६ बजेदेखि मतगणना सुरु भएको थियो । निर्वाचन अधिकृत कार्यलयले मतगणनाको अन्तिम परिणाम ९ गते विहान सर्बजनिक गरेका थिए ।

यादवले २० हजार ११२ मत प्राप्त गरेका छन् भने निकटतम प्रतिद्वन्दी नेकपा एमालेका उमाशंकर अरगरिया १९ हजार ९५५ मत ल्याएर पराजित भएको निर्वाचन कार्यालयले जनाएको छ ।

# मटकोर सम्पन्न



टुडे समाचारदाता

जनकपुरधाम । सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सव अन्तर्गत मटकोर विधि सम्पन्न भएको छ । आइतबार गंगा सागर पोखरीमा मटकोर विधि सम्पन्न भएको छ ।

सीताराम विवाह महोत्सवको पाँचौ दिन जानकी मन्दिरको प्राङ्गणबाट बाजागाजासहितको टोली मटकोर विधिका लागि गंगा सागर पोखरी प्रस्थान गरेका थिए । बिहेको वेदी बनाउन गंगासागर पोखरीबाट माटो ल्याउने परम्परा छ । उक्त माटोले विवाहका लागि मडवा निर्माण गरिन्छ । पोखरीबाट जानकी मन्दिर भित्र्याइएको माटोले सीताराम विवाहका लागि वेदी तयार गरिन्छ ।

सप्ताहव्यापी कार्यक्रम विवाहपञ्चमी महोत्सव अन्तर्गत पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव र आइतबार पाँचौ दिन मटकोर विधि सम्पन्न भएको छ ।

महोत्सवको छैठौं एवं प्रमुख दिन सोमबार स्वयम्वर एवं वैवाहिक कार्यक्रम र अन्तिम दिन मंगलबार रामकलेवा विधिसँगै विवाहपञ्चमी महोत्सव सम्पन्न हुनेछ ।

## आज सार्वजनिक विदा

टुडे समाचारदाता

जनकपुरधाम । सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा मधेश प्रदेशमा सार्वजनिक विदा दिइएको छ ।

मधेश प्रदेश सरकारले सोमबार विवाहपञ्चमीको अवसरमा सार्वजनिक विदा दिइएका छन् । साथै महोत्सवमा सहभागी हुन जनकपुरधाम आएका सम्पूर्ण श्रद्धालुलाई सरकारले महोत्सवको शुभकामना व्यक्त गरेको छ ।

# निर्वाचित उम्मेदवारलाई सम्मान



रञ्जन यादव

कलैया । बारा निर्वाचन क्षेत्र नम्बर ४ मा बाम लोकतान्त्रिक गठबन्धनबाट निर्वाचित भएका प्रतिनिधि तथा प्रदेशसभा सदस्यलाई १ सय ५१ किलोको माला लगाएर सम्मान गरिएको छ ।

बारा क्षेत्र नं.४ मा पाँच दलीय गठबन्धनको तर्फबाट प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित एकीकृत समाजवादीका कृष्ण कुमार श्रेष्ठ र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का प्रदेशसभा सदस्य जितेन्द्र प्रसाद सोनललाई स्थानीयले १ सय ५१ किलोको माला लगाएर सम्मान गरेका छन् ।

मंसिर ४ मा भएको निर्वाचनमा गठबन्धनबाट नेकपा एसका उम्मेदवार श्रेष्ठ, बारा क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यमा र लोसपाका उम्मेदवार सोनल बारा क्षेत्र नम्बर ४(ख) बाट प्रदेशसभा सदस्यामा निर्वाचित भएका छन् ।

निर्वाचित पश्चात मतदातालाई धन्यवाद दिन पुगेका दुबै नेतालाई विश्रामपुर गाँउपालिका वडा नम्बर ४ को बलिरामपुरमा स्वागत गरिएको थियो ।

# शीतभण्डार निर्माण अलपत्र

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराज नगरपालिका-१५ स्थित देउरी भारुवामा फलफूल र तरकारीका लागि निर्माण थालिएको शीतभण्डार अहिले अलपत्र अवस्थामा रहेको छ ।

जिल्ला सहकारी संघ लिमिटेडमार्फत नगरपालिकालाई हस्तान्तरण गरिएको उक्त शीतभण्डारको विगत अढाई वर्षदेखि निर्माण कार्य पूर्णरूपले ठप्प रहेको पाइएको छ ।

नगरपालिकाले वडा नं १५ देउरी भरुवामा शीतभण्डार निर्माणका लागि एक बिघा जग्गा दिए पनि ठेकेदारको लापरवाहीले गर्दा समयमा निर्माण हुन सकिएको छैन ।

सो शीत भण्डारको क्षमता तीन हजार मेट्रिकटन रहेको छ । जिल्ला सहकारी संघले सहकारी संस्थाको व्यवस्थापन विस्तार एवं यहाँ उत्पादित कृषिउपजको भण्डार र व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यले कार्य अगाडि बढाइएको थियो । विसं २०७५ फागुनमा शिलान्यास गरी निर्माण थालिएको शीतभण्डारको काम ३० प्रतिशत मात्र भएको छ ।

शीतभण्डार निर्माणको कामको शर्मा आशिष ओम साइराम, सानोठिमीले ठेक्का लिएको छ । संघका प्रबन्धक रमेशप्रसाद गुप्ताले शीतभण्डारबाट हजारौं किसानले लाभ लिनसक्ने जनाउँदै शीघ्र निर्माण सम्पन्न गर्न पहल गर्नुपर्ने बताए ।

संघीय सरकारले बजेट निकासा नगरेका कारण काम रोकिएको उनले जानकारी दिए । उनले भने, ‘सघीय र प्रदेश सरकारले समयमा अनुदान रकम दिएका छैनन्, संघीय सरकारको ६०, संघ संस्थाको २० तथा स्थानीय तथा प्रदेश सरकारको २० प्रतिशत रकम रहने गरी शीतभण्डारको निर्माण थालिएको थियो ।’

संघीय सरकारले समयमा शीतभण्डारका लागि बजेट नदिएका कारण निर्माण व्यवसायले समेत भुक्तानी नपाएको भन्दै काम रोकिएको जनाएको छ ।

तराईको नवलपरासी र सप्तरीको देउरी भरुवामा एकै समयमा निर्माण थालिएको शीतभण्डार नवलपरासीमा निर्माण सम्पन्न भइसकेको बताइएको छ ।

यहाँ सरकारले समयमा बजेट नदिएका कारण निर्माणमा अवरोध भएको सहकारी संघका निर्देशक गुप्ताको भनाइ छ ।

अहिले शीतभण्डारका लागि जग्गामा माटो भराई, वण्डीबाल र फलामको पिलर ठड्याउने कामबाहेक अरु काम अगाडि बढ्न नसकिएको स्थानीयवासीले बताएका छन् ।

स्थानीय रामकुमार यादवले किसानको आशाका रुपमा रहेको शीतभण्डार समयमा निर्माण हुन नसकिएका कारण आफूहरु निराश भएको बताए । किसानको हितमा निर्माण भइरहेको यो शीतभण्डार राजनीतिक कारण पछाडि परेको भन्दै यहाँ र आसपासमा उब्जाएका तरकारी कतै राख्ने ठाउँ नभएको उनले गुनासो गरे ।

जिल्लामा एकमात्र निर्माण थालिएको शीतभण्डार बजेट अभाव भएको भन्दै निर्माण नै ठप्प पारेपछि किसानको आशा निरासामा परिणत भएको अर्का सोही ठाउँका किसान हरिकुमार मण्डलले बताए ।

विसं २०७५ मङ्सिर १५ मा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र तत्कालीन मधेश प्रदेशका कृषिमन्त्री शैलेन्द्रप्रसाद साहले यहाँका शीतभण्डारको शिलान्यास गरेका थिए।

# महोत्तरी-१ मा एमालेका महतो विजयी

टुडे समाचारदाता

बर्दिवास । महोत्तरी-१ मा नेकपा (एमाले)का लक्ष्मी महतो निर्वाचित भएका छन् ।

आइतबार सम्पन्न मतगणना परिणाम अनुसार उनले आफ्ना निकटतम् प्रतिद्वन्दी नेकपा (माओवादी केन्द्र)का गिरिराजमणि पोखरेलाई एक हजार ३१ मतले उछिन्दै विजयी भएका छन् ।

महोत्तरी-१ को निर्वाचन अधिकृतको कार्यालयका अनुसार नव निर्वाचित महतोले २४ हजार चार सय एक र पोखरेलले २३ हजार तीन सय ७० मत प्राप्त गरेका छन् ।

त्यसैगरी महोत्तरी-१ (१) प्रदेशसभा क्षेत्रमा एमालेकै शारदा थापा आठ हजार दुई सय ४५ मत प्राप्त गरी विजयी भएकी छन् ।



थापाका निकटतम् प्रतिद्वन्दी लोसपा नेपालका पिताम्वर महतोले सात हजार पाँच सय ८५ मत प्राप्त गरेको निर्वाचन अधिकृत गुणराज श्रेष्ठले जानकारी दिए ।

यो परिणाम सार्वजनिक भएसंगै जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभाका सबै क्षेत्रको प्रत्यक्षतर्फको गणना सकिएको छ । जिल्लामा चार प्रतिनिधसभा र आठ प्रदेशसभा क्षेत्र छन् ।

# धर्म सेवाद्वारा सरसफाइ

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल मानव धर्म सेवा समिति जनकपुरधामद्वारा सरसफाइ गरिएको छ ।

जनकपुरधाममा जारी विवाहपञ्चमी महोत्सवलाई मध्य नजर गर्दै सरसफाइ गरिएको छ । वकिलटोलदेखि जानकी मन्दिरसम्म सरसफाइ गरिएको नेपाल मानव धर्म सेवा समितिले जनाएका छन्।

कार्यक्रममा जनकपुरधाम उप–महानगरपालिकाका मेयर मनोज कुमार साह वडा नं. १ का अध्यक्ष दीपनरायण यादव तथा नेपाल मानवधर्मका केन्द्रीय समितिका अध्यक्ष जीवन कुमार गनराज, क्षेत्रीय अध्यक्ष




गुरु प्रसाद मैनालिको सहभागिता रहेको थियो । आश्रम समितिका अध्यक्ष बसन्त कुमार श्रेष्ठ सम्पूर्ण टोलवासी समाज सेवा, सन्त-महात्मा, श्रद्धालु भक्तजनहरुको उपस्तिथि रहेको थियो ।

# पर्सामा मतगणना सम्पन्न

टुडे समाचारदाता

वीरगञ्ज । प्रतिनिधि र प्रदेश सभाको समानुपातिकतर्फ चलिरहेको पर्सा जिल्लाका सबै क्षेत्रको मतगणना सकिएको छ ।

आइतबार सकिएको मतगणना अनुसार पर्सामा नेपाली कांग्रेसले समानुपातिकतर्फ पनि सबैभन्दा बढी मत प्राप्त गरेको छ ।

प्रतिनिधिसभातर्फको समानुपातिक मतगणना गर्दा कांग्रेसले ४ क्षेत्रमा सबैभन्दा बढी ६६ हजार ६७५ मत प्राप्त गरेको छ ।

यसैगरी,पर्साको दोश्रो स्थानमा रहेको नेकपा एमालेले ४२ हजार ९७५ मत प्राप्त गरेको छ,जनता समाजवादी पार्टी (जसपा) ३८ हजार ४२१ मत ल्याउँदै गत निर्वाचनको तुलनामा पहिलोबाट तेश्रो स्थानमा झरेको निर्वाचन कार्यालयले जनाएको छ ।

यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीले २० हजार ८ सय ७३ .मत पाएको छ भने , नेकपा माओवादी केन्द्र १३ हजार २७४ मतका साथ पाँचौ र राष्ट्रिय स्वतन्त्र पार्टी ७ हजार ५५१ मतका साथ छैठौं स्थानमा परेको छ ।

नेकपा एकीकृत समाजवादीले ५ हजार ७३१ मत ल्याएको छ भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) भने ५ हजार ४३ मत पाएको छ । सिके राउतको दल जनमत पार्टी पनि ३ हजार ९१९ मतल्याउन सफल भएको छ ।

प्रदेशसभाको समानुपातिकतर्फको मतगणनामा पनि पर्सा जिल्लामा कांग्रेस नै पहिलो स्थान प्राप्त गरेको छ । प्रदेशसभाको समानुपातिकतर्फको मतगणना गर्दा नेपाली कांग्रेसले सबैभन्दा बढी ६३ हजार ८६१ मत पाएको छ ।

साथै जसपाले ४१ हजार ६२७ मत ल्याउदै दोश्रो स्थानमा पुग्नुका साथै नेकपा एमाले ४१ हजार ३०४ मत प्राप्त गर्दै तेश्रो दल बनेको छ ।

चौथो स्थानमा रहेको राप्रपाले १७ हजार १७३ मत, माओवादी केन्द्र ११ हजार ३१३ मत प्राप्त गर्दै पाँचौ दल र दल जनमत पार्टीले ७ हजार २५४ मतका साथ छैठौं स्थानमा रहेको छ ।

नागरिक उन्मुक्ति पार्टी ६ हजार ६६२ मततका साथ सातौ स्थानमा , नेकपा एकीकृत समाजवादी ६ हजार ९४ मतका साथ आठौ स्थानमा र लोसपाले ४ हजार ८०५ मत पाएको छ ।

# अज्ञात समूहद्वारा विद्यालयमा आगजनी

टुडे समाचारदाता

वीरगञ्ज । चुनावको प्रतिशोधमा विद्यालयमा आगजनी गरिएको छ । चुनावी परिणाम घोषणा भएको एक हप्ता नबित्दै अज्ञात समूहद्धारा सामुदायिक विद्यालयमा आगजनी गरिएको स्थानीयको भनाइ छ ।

पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर ५ पाडेपुर बर्वामा रहेको एक सामुदायिक विद्यालयमा आगजनी गरिएको छ ।

श्री मनोकामना प्राथमिक विद्यालयमा शनिबार राति अज्ञात समूहले आगजनी गरेको प्रधानाध्यापक देवचन प्रसाद यादवले बताए ।



शनिबार राति विद्यालयमा लगाइएको आगोले गर्दा विद्यालय भवन भित्र रहेका सामानहरु जलेर नष्ट हुँदा ६ लाख ५० हजार भन्दाा बढीको क्षति भएको प्रअ यादवको भनाइ छ ।

उनका अनुसार राजनीतिक द्वेषको कारण केही व्यक्तिले गाउँमा रहेको टावर लाईट निभाएर विद्यालयको तल्चा फुटाई विद्यालय भित्र प्रवेश गरी कम्प्युटर , प्रिन्टर , टेबुल कुर्सी, कागजात , लगायतका सामग्री जलाएर नष्ट गरेका छन् । घटनाको बारेमा ईलाका प्रहरी कार्यालय पोखरियामा उजुरी गरिसकिएको जनाइएको छ ।

# सुरक्षा बेसमा राष्ट्रिय झण्डा

टुडे समाचारदाता

जनकपुरधाम । सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस सपहीमा राष्ट्रिय झण्डा लगाइएको छ ।

आइतबार बेस प्रमुख सशस्त्र प्रहरी नायव निरीक्षक रोहितकुमार भुजेलको नेतृत्वमा झण्डा लगाइएको छ ।

एक समारोहको आयोजना गरी झण्डा लगाइएको छ । उक्त कार्यक्रममा स्थानीय जयनारायण यादव र पूर्व गाउँपालिका अध्यक्ष विन्देश्वर यादवको सहभागिता रहेको थियो । राष्ट्रको लागि काम




गर्ने कार्यालयमा झण्डा लगाएर राष्ट्रियताको भावना जगाउने उद्देश्यले राखिएको प्रमुख भुजेलले बताए ।

पछिल्लो समय सशस्त्र प्रहरी नायव निरीक्षक भुजेलले स्थानीय र सरोकारवालासंग सहकार्य गरेर काम गरिरहेका छन् ।

लामो समयदेखि कार्यालयको बक्यौता रहेको विद्युत् शुल्क पनि पालिकाले तिर्ने गरी उनले सम्झौता गरेका छन् । पालिकाले सुरक्षा बेसको आठ लाख ३२ हजार विद्युत महसुल तिर्ने सहमति गरेका छन् ।

लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधले उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधीमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ्य र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८